# स्थानीय राजपत्र

राजगढ गाउँपालिकाद्वारा प्रकाशित

खण्डः९ संख्याः ३ २०८२ चैत्र २७ गते

## भाग १

# शिक्षा ऐन, २०८२

## प्रस्तावनाः

प्रत्येक नागरिकमा सहिष्णुता ,सदाचार ,नैतिकता र मानवीय मूल्यको प्रवर्धन गरी संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास ,मुलुकको समृद्धी र जनहितका लागि ज्ञान ,सीप ,श्रम ,स्थानीय ,राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा अधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस गाउँपालिका क्षेत्रभित्र स्थापना हुने तथा ऐन प्रारम्भ हुनुपूर्व स्थापना भई सञ्चालन भइरहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापनमा सुधार गरी स्तरीय शिक्षा तथा सीपको अवसर वृद्धि गर्न वाञ्छनीय भएकोले नेपालको संविधान धारा २२१ ,अनुसूची ८ को सूची नम्बर ८ तथा स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा १०२ वमोजिम मधेश प्रदेश अन्तर्गतको राजगढ गाउँपालिका ,सप्तरीको गाउँसभाले यो ऐन बनाएको छ ।

परिच्छेद १

प्रारम्भिक

**१.संक्षिप्त नाम तथा प्रारम्भ** :

१. यस ऐनको नाम राजगढ गाउँपालिका शिक्षा ऐन ,२०८२ रहेको छ ।

२.यो ऐन सप्तरी जिल्लाको राजगढ गाउँपालिका क्षेत्रभर लागु हुनेछ ।

३.यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएपश्चात् तुरुन्त लागु हुनेछ ।

**२.परीभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :**

(क). “प्राराम्भिक बाल शिक्षा ” भन्नाले चार बर्षमाथी र पाँच बर्षमुनिका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनुपर्छ ।

(ख).“आधारभूत शिक्षा ” भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ग).“माध्यमिक शिक्षा ” भन्नाले कक्षाा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(घ).“विद्यालय शिक्षा ” भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ङ). “गाउँपालिका ” भन्नाले सप्तरी जिल्लाको राजगढ गाउँपालिका सम्झनुपर्छ ।

(च).“कार्यपालिका” भन्नाले सप्तरी जिल्लाको राजगढ गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(छ) “गाउँ सभा” भन्नाले राजगढ गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(ज) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख कार्यकारी अधिकृतलाई सम्झनु पर्छ ।

(झ).“शिक्षा शाखा ” भन्नाले राजगढ गाउँपालिकाको शिक्षा ,युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

(ञ) “शिक्षा अधिकृत” भन्नाले गाउँपालिकाकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

राजगढ गाउँपालिका

(ट) “शिक्षा समिति” भन्नाले “राजगढ गाउँपालिकाको शिक्षा ऐन, २०८२” बमोजिमको शिक्षा समितिलाई सम्झनुपर्छ ।

(ठ) “व्यवस्थापन समिति” भन्नाले दफा १६ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ड).“विशेष शिक्षा ” भन्नाले दृष्टिविहीन ,बाहिरा ,अटिज्म ,बौद्धिक अपाङगता सुस्तश्रवन वा अति अशक्त शारीरिक अपाङगता भएका बालबालिकालाई दिने विशेष व्यवस्थापन सहितको शिक्षालाई सम्झनुपर्छ ।

(ढ).“प्राविधिक तथा व्यवसायिक शिक्षा ” भन्नाले प्राविधिक ज्ञान ,सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि बाह्र सम्म अध्यापन गराइने शिक्षालाई सम्झनुपर्छ ।

(ण).“सामुदायिक विद्यालय” भन्नाले समुदायको पहलमा स्थापना मुनाफा नलिने उद्धेश्यले प्रेरित भई नेपाल सरकार एवम् राजगढ गाउँपालिकावाट नियमित रुपमा अनुदान पाउने गरी अनुमती वा स्वकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(त).“संस्थागत विद्यालय” भन्नाले निजी पहलमा स्थापना गरिएको र नेपाल सरकारवाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमती वा स्वकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(थ).“शैक्षिक गुठी” भन्नाले विद्यालय संचालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्धेश्यले स्थापना गरेको सार्वजनिक वा निजी शैक्षिक गुठी सम्झनुपर्छ ।

(द).“अभिभावक ” भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जानिएको व्यक्ति सम्झनुपर्दछ । सो शव्दले विद्यार्थीका एकाघर सगोलमा बस्ने बाबु ,आमा ,बाजे ,बज्यै ,दाजुभाई ,दिदीबहिनी तथा अभिभावक नभएका विद्यार्थीको हकमा पालनपोषण गर्ने वा संरक्षकत्व प्रदान गर्ने वा पठनपाठनको व्यवस्था मिलाउने व्यक्ति समेत जनाउँदछ ।

(ध).“शिक्षक” भन्नाले विद्यालयमा शिक्षण सिकाइ गर्न नियुक्त अध्यापक वा शिक्षक सम्झनुपर्छ । सो शब्दले प्रधनाध्यापक र प्रारम्भिक बालविकास शिक्षक समेतलाई जनाउँछ ।

(न).“प्रधानाध्यापक” भन्नाले विद्यालयको शैक्षिक ,प्राज्ञिक ,प्रशासनिक ,आर्थिक र व्यवस्थापकीय दायित्व बहन गर्ने गरी जिम्मेवारी तोकिएको अध्यापक वा शिक्षक सम्झनुपछ ।

(प).“कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

(फ).“परिवार” भन्नाले शिक्षक वा कर्मचारीसँग एकासगोलमा बस्ने तथा निज आफैले पालनपोषण गर्नुपर्ने पति ,पत्नी ,बाबु ,आमा ,छोरा ,अविवाहित छोरी ,धर्मपुत्र ,अविवाहित धर्मपुत्री ,सैातेनी आमा सम्झनुपर्छ र सो श्वदले पूरुष शिक्षक वा कर्मचारीको हकमा एकाघरको बाजे ,बज्यै तथा महिला शिक्षक वा कर्मचारकिो हकमा निजको सासू ,ससुरालाई समेत जनाउँछ ।

(ब).“अनुमति” भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वकृती प्रदान गरिनसकेको कुनै तोकिएको स्थान वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वकृतीलाई जनाउँछ ।

(भ).“स्वकृती” भन्नाले तोकिएको बमोजिमको शर्त पूरा गरेको विद्यालयलार्य  नेपाल सरकार ,प्रदेश सरकार र यस राजगढ गाउँपालिका समेतको मापदण्डको आधारमा गाउँपालिकाले दिएको स्थायी स्वकृतीलाई जनाउँछ ।

(म).“अवासीय विद्यालय” भन्नाले नेपाल सरकार ,प्रदेश सरकार वा यस गाउँपालिकावाट आवासीय विद्यालयको रुपमा स्वकृती प्रदान गरिएको विदालयलाई जनाउँछ ।

(य).“तोकिएको वा तोकिएबमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावली वा नियमावलीबमोजिमको निर्देशिका र कार्यविधिमा तोकिएको वा तोकिएवमोजिम सम्झनुपर्छ ।

परिच्छेद -२

**विद्यालय शिक्षाको तह ,माध्यमिक विद्यालयको प्रकार , विद्यालय खोल्ने अनुमति ,स्वकृती ,समायोजन तथा नियमन :**

**३.विद्यालय शिक्षाको तह र माध्यमिक शिक्षाको प्रकार :**

(१)विद्यालयको प्रकार देहायवमोजिम हुनेछ :

(क) .सामुदायिक विद्यालय  (ख) संस्थागत विद्यालय

(२) विद्यालय शिक्षाको तह देहायवमोजिम हुनेछ :

(क) आधारभूत तह (ख) माध्यमिक तह

(३)माध्यमिक तह शिक्षाको प्रकार देहायबमोजिम हुनेछ :

(क) साधारण माध्यमिक शिक्षा  (ख) संस्कृत माध्यमिक शिक्षा (ग) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा

**४.विद्यालय खोल्ने वा कक्षा थप अनुमति वा स्वकृती :**

(१) स्थानीय समुदायले सामुदीयक विद्यालय खोल्न वा कक्षा थप गर्न चाहेमा वा कुनै नेपाली नागरिकले शैक्षिक गुठी वा सहकारी अन्तर्गत प्रारम्भिक बाल शिक्षा ,अधारभूत विद्यालय ,माध्यमिक विद्यालय ,प्राविधिक विद्यालय ,विशेष शिक्षा कक्षा र खुला विद्याल खोल्न वा कक्षा थप गर्न चाहेमा तोकिएको विवरण खुलाई सम्बन्धित वडा समतिको सिफारिस र सबै भन्दा नजिकको दुई वटा सामुदायिक विद्यालयको सहमति सहित शिक्षा , युवा तथा खेलकुद शाखामा तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम विद्यालय खोल्ने अनुमतिका लागि निवेदन परेमा शिक्षा शाखा प्रमुख वा निजले तोकेको अधिकृत वा कर्मचारीवाट स्थलगत जाँचबुझ गरी सोको प्रतिवेदन गाउँ शिक्षा समितिको बैठकमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा(२) वमोजिम विद्यालय खोल्न वा कक्षा थप गर्न अनुमति दिन मुनासिब देखिएको व्यहोरा गाउँ शिक्षा समितिको बैठकवाट निर्णय भएमा तोकिएवमोजिमका शर्तहरु पालना गर्ने गरी शिक्षा शाखा प्रमुखले आवश्यकता अनुसार नयाँ विद्यालय संचालन अनुमति वा प्रत्येक वर्ष एकवटा कक्षाको दरले कक्षा थप गरी कक्षा संचालनको अनुमति दिन सक्नेछ ।

(४) उपदफा (३) वमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको शर्तहरु पालना गरेको देखिएमा गाउँ कार्यपालिकाको निर्णय अनुसार शिक्षा शाखा प्रमुखले त्यस्तो विद्यालयलाई स्वकृती प्रदान गर्नसक्नेछ ।

(५) यो ऐन प्रारम्भ हुनु अघि कम्पनीको रुपमा संचालन भइरहेको संस्थागत विद्यालयले शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय संचालन गर्न चाहेमा कम्पनी खारेज गरी तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(६) उपदफा (६) वमोजिम निवेदन परेमा शिक्षा शाखा प्रमुखले निवेदनउपर आवश्यक जाँचबुझ तथा स्थलगत निरीक्षण गरी वा अधिकृत कर्मचारी वा अन्य कर्मचारीलाई स्थलगत निरीक्षण गर्न लगाई निवेदनको माग मनासिब देखिएमा गाउँ शिक्षा समितिको निर्णय अनुसार शिक्षा शाखा प्रमुखले अनुमति प्रदान गर्नेछ ।

(७) माथी जुनसुकै व्यहोरा उल्लेख भएपनि यो ऐन प्रारम्भ हुनुअघि अनुमति वा स्वीकृति पाई संचालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम संचालन भएको मानिनेछ ।

(८) यस ऐन वमोजिम खोल्ने अनुमति नलिई विद्यालय संचालन गर्न पाइनेछैन । विना अनुमति विद्यालय संचालन गरेमा तोकिए बमोजिम जरिवाना गर्न सकिनेछ ।

(९) गाउँपालिकाले विशेष प्रकृतीको विद्यालय ,प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम प्रदान गर्ने विद्यालय ,क्याम्पस ,पुस्ताकालय एवम् शैक्षिक समार्गी केन्द्र स्थापना वा संचालन गर्नसक्नेछ । यसका लागि गाउँपालिकाले छुट्टै कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

**५.शिक्षाको माध्यम :**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा ,अग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुनसक्नेछ :

(क आधारभूत तहको शिक्षा मातृभाषमा दिन सकिनेछ ।

(ख) गैरनेपाली नागरिकले यस गाउँपालिका अर्न्तगतका विद्यालयमा अध्यापन गर्दा नेपाली विषयको सट्टा अन्य कुनै भाषको विषय अध्ययन गर्नसक्नेछ ।

(ग) भाषा विषय अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

**६.विशेष शिक्षा ,समावेशी शिक्षा ,अनौपचारिक शिक्षा ,निरन्तर शिक्षा ,दूर शिक्षा तथा खुला सिकाइ कार्यक्रम :**

विशेष शिक्षा ,समावेशी शिक्षा ,अनौपचारिक शिक्षा ,निरन्तर शिक्षा ,दूर शिक्षा तथा खुला सिकाइ कार्यक्रम संचालन सम्बन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**७.सामुदायिक सिकाई केन्द्र :**

गाउँपालिकाले तोकिएबमोजिम सामुदायिक सिकाइ केन्द्र संचालन गर्नसक्नेछ । गाउँ क्षेत्रभित्र वसोवास गर्ने सामुदायले सामुदायिक सिकाइ केन्द्र संचालन गर्न चाहेमा अनुमतिका लागि तोकिएबमोजिमको ढाँचामा निवेदन दिनसक्नेछ ।

**८.विद्यालय सार्न ,गाभ्न ,नाम परिवर्तन गर्ने वा बन्द गर्ने वा कक्षा थप :**

गाउँपालिकाले तोकिएबमोजिम विद्यालय सार्न ,गाभ्न ,नाम परिवर्तन गर्न वा बन्द गर्न वा कक्षा थप गर्नसक्नेछ ।

परिच्छद -३

गाउँ शिक्षा समिति ,वडा शिक्षा समितिको गठन ,बैठकसम्बन्धी कार्यविधि तथा काम ,कर्तव्य र अधिकार

**९.गाउँ शिक्षा समितिको गठन :**

(१.) गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका शैक्षिक संस्थाहरुको रेखदेख ,समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय वमोजिमको गाउँ शिक्षा समिति रहनेछ :

(क) गाउँपालिकाको अध्यक्ष वा अध्यक्षले काम गर्न तोकिएको व्यक्ति ..................अध्यक्ष

(ख.) कार्यपालिकाको सदस्यहरुमध्येबाट कम्तिमा एकजना महिला सहित कार्यपालिकावाट मनोनित दुई जना ..........................................................................................सदस्य

(ग.) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी ...........सदस्य

(घ.) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्येवाट गाउँ कार्यपालिकाले मनोनित गरेको एकजना ..........................................................................................सदस्य

(ङ.) स्थानीय समाजसेवी ,शिक्षा प्रेमी ,शिक्षा क्षेत्रमा महत्वपुर्ण योग्दान पुर्याउने व्यक्तिहरु मध्येवाट गाउँ शिक्षा समितिबाट मनोनित एक जना दलित र दुई जना महिला सहित तीनजना
..........................................................................................सदस्य

(च.) सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरुमध्येवाट गाउँ कार्यपालिकाले मनोनित गरेको कम्तीमा एकजना महिला सहित दुई जना ...............................सदस्य

(छ ) विशेष शिक्षा ,समावेशी शिक्षा वा स्रोत कक्षा संचालन गर्ने विद्यालय वा अपाङ्गता सम्बन्धी शिक्षण संस्थावाट प्रतिनिधित्व हुने गरी गाउँ शिक्षा समितिले मनोनित गरेको अपाङ्गता भएका व्यक्ति एक जना ..................................................................सदस्य

(ज) गाउँपालिकाको शिक्षा शाखा प्रमुख वा शिक्षा अधिकृत .........................सदस्य सचिव

१ (क) गाउँपालिका क्षेत्र भित्रका विद्यालयका प्रधानाध्यापक र नेपाल शिक्षक महासंघको प्रतिनिधि र आवश्यकता अनुसार विषयविज्ञहरुलाई उपदफा (१) वमोजिमको समितिको बैठमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(२) उपदफा (१) वमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ । मनोनित सदस्यले आफनो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा गाउँपालिकाले निजलाई जुनसुकै बखत हटाउन सकिनेछ । तर त्यसरी पदवाट हटाउनु अघि निजलाई आफनो सफाई पेश गर्ने मौकावाट बंचित गरिने छैन ।

(३ ) गाउँ शिक्षा समितिको बैठक कमतिमा २ महिनामा एक पटक बस्नेछ । अध्यक्षको निर्देशनमा सदस्य सचिवले गाउँ शिक्षा समितिको बैठक बोलाउनेछ । एक तिहाई सदस्यले लिखित निवेदन दिएमा सदस्य सचिवले बैठक बोलाउनेछ । बैठक बोलाउँदा कम्तीमा ३ दिन अघि बैठकमा छलफल हुने विषय सूची समितिका सदस्यहरुलाई उपलब्ध गराउनुपर्नेछ ।

(४) बैठक सम्बन्धी अन्य कार्यविधि गाउँ शिक्षा समितिले आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

**<u>१०.गाउँ शिक्षा समितिको काम ,कर्तव्य र अधिकार :</u>**

यस ऐनमा अन्यत्र लेखिएका वा यस ऐनबमोजिम नियमावली वा नियमावली अर्न्तगत बनेको निर्देशिका र कार्यविधिमा उल्लेख भएका काम कर्तव्य र अधिकारका अतिरिक्त गाउँ शिक्षा समितिका काम ,कर्तव्य र अधिकार देहायवमोजिम हुनेछ :

(क) शिक्षा सम्बन्धी गाउँस्तरीय योजना तर्जुमा गर्ने र स्वकृतीका लागि कार्यपालिकामा पेश गर्ने ,

(ख) गाउँपालिका क्षेत्रभित्र विद्यालय संचालनका लागि अनुमति ,स्वकृती विद्यालय सार्ने ,गाभ्ने ,कक्षा थपने र घटाउने सम्बन्धमा गाउँपालिकालाई आवश्यक राय -सुझाव दिने ,

(ग) गाउँपालिका भित्र संचालन हुने परीक्षालाई मर्यादित र व्यवस्थित तुल्याउन आवश्यक सहयोग गर्ने ।

(घ) प्रत्येक वर्ष विद्यालयहरुको आर्थिक कारोबारको लेखापरीक्षण गर्न लेखापरीक्षकको सूची प्रकाशन गर्ने र लेखापरीक्षकको पारिश्रमिक तोक्ने ,

(ङ) गाउँपालिका क्षेत्रभित्र स्थापना भई संचालित सामुदायिक विद्यालयहरुमा गाउँपालिकाको स्रोतवाट नियुक्त भएका शिक्षक वा कर्मचारीको दरबन्दी ,राहत ,शिक्षक अनुदान ,प्रारम्भिक वालविकास शिक्षक ,विद्यालय कर्मचारी पद ,सेवा ,शर्त र सुविधा स्वकृतीको लागि गाउँ कार्यपालिकामा पेश गर्ने ,

(च) विद्यालय संचालन तथा व्यवस्थापन सम्बन्धमा विद्यालय व्यवस्थापन समितिलाई समयसमयमा आवश्यक निर्देशन दिने ,

(छ) विद्यालयहरुको लागि आवश्यक स्रोत साधन जुटाउने र परिचालन गर्ने /गराउने ,

(ज) अभिभावक ,कर्मचारी र शिक्षकबीच सम्बन्ध सुमधुर तुल्याउने वा विवाद सिर्जना भएमा मिलाउने ,

(झ) शिक्षाको गुणस्तर कायम राख्न सूचक विकास गर्ने र प्रगति मूल्याङकन गर्ने ,तदनुसार अपेक्षित गुणस्तर कायम भएका विद्यालयहरुलाई पुरस्कृत गर्ने ,नभएका विद्यालयहरुलाई सघाउने तथा लगातार

तीन वर्षसम्म तोकिएवमोजिम नतिजा ल्याउन नसक्ने विद्यालयलाई नसिहत दिने वा अनुदान कटौती वा रोक्का गर्ने गरी कार्यपालिकालाई सिफारिस गर्ने ,

(ञ) विद्यालयहरुलाई तोकिएबमोजिम समाजिक परीक्षण गर्न लगाउने ,

(ट) सामुदायिक विद्यालयको शिक्षक र कर्मचारीहरुको दरबन्दी मिलान एवम् समायोजन व्यवस्थापन गर्ने ,

(ठ) विद्यालयको नियमित अनुगमन ,निरीक्षण र सुपरीवेक्षण गर्ने /गराउने ,

(ड) शैक्षिक गुठीसँग गरिने समझौताका शर्तहरु निर्धारण गर्ने ,

(ढ) शैक्षिक संस्था र शिक्षासँग आबद्ध शिक्षक एवम् कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन ,नसिहत ,दण्ड ,सजाय गर्ने र गर्न लगाउने ,

(ण) शिक्षक वा कर्मचारी छनौट र परीक्षा सम्बन्धी कार्यका लागि विषयगत आवश्यकताको आधारमा विशेषज्ञहरु छनौट गरी नामनामेसी सहितको विषयविज्ञ सूची प्रकाशन गर्ने ,

(त) संस्थागत विद्यालय संचालनका लागि मापदण्ड वनाउने ,संचालन स्वकृती र अनुमतिको लागि गाउँपालिकालाई आवश्यक राय सुझाव दिने ,

(थ) विद्यालय नकसांकन समेतलाई ध्यान दिई आवश्यकता र औचित्यका आधारमा गाउँपालिका क्षेत्रभित्रका विद्यालय गाभ्ने ,सार्ने ,नाम परिवर्तन गर्ने ,तह र कक्षा थप गर्ने वा घटाउने निति तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने ,

(द) विद्यालयमा विषयगत शिक्षक दरबन्दी मिलान गर्ने र आवश्यकतानुसार शिक्षक कर्मचारीको सरुवा पदस्थापन गर्ने ,

(ध) सामुदायिक सिकाइ केन्द्र स्थापना र संचालन सम्बन्धी निती तर्जुमा गर्ने ,

(न) आवश्यकता अनुसार लक्षित सामुदायका विद्यार्थीहरुका लागि प्रोत्साहन स्वरुप दिवा खाजा लगायत अन्य आवश्यक व्यवस्था गर्ने ,

(प) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रबन्ध मिलाउने ,

(फ) विद्यालयमा पठनपाठनको अधिकतम प्रबन्ध हुने गरी शैक्षिक क्यालेण्डर निमार्ण गरी लागु गर्ने /गराउने ,

(ब) शिक्षक तालिम नीति तर्जुमा गरी कार्यान्वन गर्ने ,

(भ) गाउँ कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श प्रदान गर्ने ,

(म) विद्यालयहरुलाई सक्षमतामा आधारित अनुदान दिने वा अनुदान दिन सम्बन्धित संस्था वा निकायमा सिफारिस गर्ने ,

(य) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीलाई आवश्यक परेमा प्रोत्साहन सहित स्वच्छिक अवकाशको प्रबन्ध मिलाउने ,

(र) गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुबीच स्वस्थ प्रतिस्पर्धा गराई विद्यार्थीहरुको चौतर्फी विकासका लागि अतिरिक्त क्रियाकलाप संचालन गर्ने ,

(ल) कार्यपालिकाले तोकिदिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**११.कार्यपालिकाको काम, कर्तव्य र अधिकार** :

(१) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यपालिकाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्:-

(क) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न शिक्षा समिति, प्रमुख प्रशासकीय अधिकृत तथा शिक्षा अधिकृतलाई आवश्यक निर्देशन दिने,

(ख) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यदल गठन गर्ने,

(ग) शिक्षक सरुवाको मापदण्ड बनाई शिक्षक विद्यार्थी अनुपात मिलाउने, गुणस्तर कायम गर्न आचारसंहिता बनाई लागु गर्ने,

(घ) शिक्षक तथा कर्मचारीहरूको प्रशासन, व्यवस्थापन तथा शैक्षिक विकाससम्बन्धी कार्ययोजना स्वीकृत गर्ने र कार्यान्वयन गर्न निर्देशन दिने,

(ङ) शिक्षा कानुनबमोजिमका शिक्षासम्बन्धी व्यवस्थाहरूको कार्यान्वयन गर्न शिक्षा समितिलाई निर्देशन दिने,

(च) समयसमयमा गाउँपालिकाभित्रका विद्यालयहरूको अनुगमन तथा मूल्याङ्कन गरी गराई अपेक्षित गुणस्तर कायम गर्ने,

(छ) विद्यालयमा आर्थिक व्यवस्था पारदर्शी तथा सुनिश्चित गर्न वस्तुगत आधार तथा मापदण्ड बनाई लागु गर्ने, गराउने,

(ज) यस ऐनको परिधिभित्र आवश्यक विषयगत क्षेत्रहरूको मापदण्ड बनाउने,

(झ) अनौपचारिक शिक्षा, बैकल्पिक शिक्षा, विशेष शिक्षा, खुला तथा दूर शिक्षासम्बन्धी मापदण्ड बनाई लागु गर्ने, गराउने,

(ट) शिक्षा सम्बन्धी ऐन जारी एवं संशोधन गर्न विधेयक सभामा पेस गर्ने,

(ठ) शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यक नीति नियम तर्जुमा गर्ने,

(ड) यस ऐनमा कार्यपालिकाले गर्ने भनी उल्लेख भएका शिक्षासम्बन्धी कार्य गर्ने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थागत विद्यालयका हकमा त्यस्ता विद्यालयले पालना गर्नुपर्ने मापदण्ड, गुणस्तर, शुल्क प्रावधान, विपन्न तथा सीमान्तकृत वर्गका छात्रछात्रालाई दिने छात्रवृत्तिको आधार र प्रतिशत, शिक्षक तथा कर्मचारीहरूको सेवा, सर्त एवं पारिश्रमिक जस्ता विषयमा निर्णय गर्दा सामान्यतः संस्थागत विद्यालयहरूको संगठनको सहभागिता एवं राय परामर्श लिन सकिनेछ ।

**१२.प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार** :

यस ऐन तथा यस नियमावलीमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्न गाउँपालिका वा नगरपालिकाको समग्र शैक्षिक नीति, योजना, कायक्रमको कार्यान्वयन एवंम् अनुगमन गर्ने/गराउने,

(ख) गाउँ कार्यसम्पादन नियमावलिमा प्रमुख प्रशासकीय अधिकृतले गर्ने भनी उल्लेख भएका शिक्षा सम्बन्धि कार्य गर्ने,

(ग) शैक्षिक समन्वयकर्ता तथा सहजकर्ताको भूमिका निवार्ह गर्ने,

(घ) कार्यपाालिकाले प्रत्यायाजोन गरेका शिक्षा सम्बन्धि कार्य गर्ने,

(ङ) गाउँको उत्कृष्ट शैक्षिक उपलव्धिका लागि शिक्षा अधिकृतसँग कार्यसम्पादन करार गर्ने र सो उपलब्धी पूर्ण रहे नरहेको निरन्तर अनुगमन गर्ने,

(च) विद्यालयहरुको लेखा परीक्षणको व्यवस्था मिलाउने ,

(छ) शिक्षा सम्बन्धी कुनै प्रस्ताव गाउँपालिकामा पेश गर्नु पर्ने भए सो गर्ने ,

**१३. शिक्षा शाखा प्रमुखको काम ,कर्तव्य र अधिकार :**

(क) गाउँपालिका स्तरीय शिक्षा योजना तर्जुमा गरी गाउँ शिक्षा समिति मार्फत कार्यपालिकामा पेश गर्ने /गराउने ,

(ख) गाउँ सभा ,गाउँ कार्यपालिका तथा गाउँ शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रम कार्यान्वन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने /गराउने ,

(ग) विद्यालय एवम् शैक्षिक संस्थाहरुको अनुगमन ,निरीक्षण र सुपरिवेक्षण गर्ने/गराउने ,

(घ) कार्यपालिका ,गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श प्रदान गर्ने ,

(ङ) शिक्षकहरुको कार्यसम्पादन मूल्याङकन गर्ने र तदनुरुप पुरस्कार तथा दण्ड सजायको लागि गाउँ शिक्षा समिति मार्फत कार्यपालिकामा पेश गर्ने ,

(च) आधारभूत शिक्षा (कक्षा ८) परीक्षाको संचालन र व्यवस्थापन गर्ने /गराउने ,

(छ) सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको अभिलेख राख्ने ,

(ज) विद्यालयमा स्वकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गरे नगरेको अनुगमन गर्ने ,

(झ) विद्यालय लेखापरीक्षणको लागि गाउँ शिक्षा समितिले निर्धारण गरेको लेखापरीक्षकको सूचीवाट लेखापरीक्षक तोक्ने ,

(ञ) विद्यालयमा विद्यालय व्यवस्थापन समिति ,अभिभावक शिक्षक संघ तथा अन्य समिति गठन गर्ने /गराउने ,

(ट) विद्यालयहरुवाट प्राप्त लेखापरीक्षण /समाजिक परीक्षण प्रतिवेदनमा उल्लेख भएका सुधारका उपायहरु कार्यान्वयन भए /नभएको यकिन गरी कार्यान्वन गर्न लगाउने ,

(ठ) प्रत्येक वर्ष सामुदायिक विद्यालयमा रहेको दरबन्दीमा कार्यरत स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन पारित गर्ने/गराउने ,

(ड) विद्यालयको शैक्षिक कार्यक्रमको नियमित अनुगमन गर्ने /गराउने ,

(ढ) गाउँ शिक्षा समितिको सदस्य -सचिवको रुपमा काम गर्ने ,

(ण) कार्यपालिका ,गाउँ शिक्षा समितिले तोकेबमोजिम अन्य कार्य गर्ने ।

## १४. वडा शिक्षा समिति गठन :

(१) आफनो वडाभित्र संचालित विद्यालयहरुको रेखदेख ,संचालन र व्यवस्थापन कार्यमा सहयोग गर्नको लागि गाउँपालिका भित्रका प्रत्येक वडामा देहायवमोजिम एक वडा शिक्षा समिति रहनेछ :

(क) सम्बन्धित वडा अध्यक्ष वा वडाध्यक्षको काम गर्न तोकिएको व्यक्ति ........................अध्यक्ष

(ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको एकजना ............................सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरुमध्येवाट वडा समितिले तोकेको एक जना ......सदस्य

(घ) आधारभूत र माध्यमिक तहका विद्यालयका प्रधानाध्यापकहरुमध्येवाट उपल्बध भएसम्म एकजना महिला पर्ने गरी वडा समितिले तोकेको दुई जना ....................................................सदस्य

(ङ) सम्बन्धित वडा भित्रका समजसेवी ,बुद्धिजिवी ,शिक्षा प्रेमीहरुबाट वडा समितिले तोकेको एक जना ..................................................................................................................सदस्य

(च) सम्बन्धित वडाको वडा सचिव .........................................................सदस्य -सचिव

(२.) मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ । मनोनित सदस्यले सार्वजनिक सम्पत्ति हिनामिना गरेको वा भ्रष्टाचार गरेको प्रमाणित भएमा वा फौजदारी अभियोग प्रमाण्ति भई कसूरदार ठहरिएमा स्वतः पदमुक्त भएको मानिन्छ । पद अनुसारको आचरण पालन नगरेमा वडा शिक्षा समितिले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ । तर ,पदवाट हटाउनुअघि मनासिव माफिकको सफाई पेश गर्ने मौकावाट बंचित गरिनेछैन ।

(३.) वडा शिक्षा समितिको बैठक सम्बन्धी अन्य कार्यविधि वडा शिक्षा समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

## १५.वडा शिक्षा समितिको काम ,कर्तव्य र अधिकार :

(१) वडा शिक्षा समितिको काम ,कर्तव्य र अधिकार देहायवमोजिम हुनेछ :

(क) वडा स्तरीय शैक्षिक योजना तर्जुमा गरी कार्यान्वन गर्ने /गराउने ,

(ख) वडा भित्रका विद्यालयहरुमा संचालन हुने परीक्षालाई मर्यादित र व्यवस्थित रुपमा संचालन गर्न सहयोग गर्ने ,

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने ,जागरुक र सजग तुल्याउने ,

(घ) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने /गराउने ,

(ङ) वडा भित्रका अभिभावक ,कर्मचारी र शिक्षकबीच सुमधुर सम्बन्ध कायम गर्ने ,विवाद देखिएमा त्यसको समाधान गर्ने ,

(च) विद्यालयहरुको नियमित अनुगमन ,निरीक्षण र सुपरिवेक्षण गर्ने /गराउने ,

(छ) विद्यालयको नकसाङ्कनको आधारमा विद्यालय गाभ्ने ,सार्ने ,नाम परिवर्तन गर्ने ,तह वा कक्षा थपघट गर्न गाउँपालिकामा सिफारिस गर्ने ,

(ज) वडाको शैक्षिक विकासका लागि आवश्यक कार्यहरु गर्ने ,

(झ) प्रारम्भिक वालविकास केन्द्र ,नयाँ विद्यालय र कक्षा थप संचालन अनुमतिको लागि सिफारिस गर्ने ,

(ञ) आफनो बैठक संचालनसम्बन्धी कार्यविधि निर्धारण गर्ने ,

(ट) गाउँपालिका र गाउँ शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने ।

परिच्छेद -४

विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक संघको गठन तथा काम ,कर्तव्य र अधिकार :

**१६.विद्यालय व्यवस्थापन समिति गठन :**

(१) सामुदायिक विद्यालयको संचालन  रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) अभिभावक आफूहरुमध्येवाट छानेर पठाएका दुई जना महिला सहित चार जना ............सदस्य

(ख) विद्यालय रहेको वडाको वडाध्यक्ष वा वडा समितिले तोकेको वडा समितिको सदस्य ..सदस्य

(ग) विद्यालयका संस्थापक ,चन्दादाता ,स्थानिय समाजसेवी ,बुद्धिजीवि ,शिक्षा प्रेमीहरुमध्येवाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना महिला सहित दुई जना .........सदस्य

(घ) शिक्षकहरु आफूहरुमध्येवाट छानी पठाएको शिक्षक प्रतिनिधि एक जना ..............सदस्य

(ङ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक ...............................................सदस्य -सचिव

(२) प्राविधिक र व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको व्यवस्थापन समितिमा उद्योग तथा वाणिज्य महासंघका दुई वटा प्रतिनिधि रहने छन ।

(३) सम्बन्धित विद्यालय निरिक्षक वा शिक्षा अधिकृत लाई पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गरिने छ ।

(४ ) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क) , (ख) वा (ग) मध्येबाट विद्यालय व्यवस्थापन समितिको  अध्यक्ष छनौट गर्नेछ । विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्ष अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) उपदफा (१) बमोजिम सदस्य छनौट गर्ने सम्बन्धमा अभिभावकलाई सहयोग गर्नको लागि सम्बन्धित निरीक्षक वा निज उपलब्ध नभएमा शिक्षा अधिकतृले खटाएको अधिकृतको संयोजकत्वमा , प्रधानाध्यापक, र वडाको निर्वाचित प्रतिनिधि रहको तीन सदस्यीय छनौट सहयोग समिति गठन गर्नेछ ।

(६) विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयोजनको लागि “अभिभावक” भन्नाले विद्यालयमा प्रारम्भिक बालविकास कक्षादेखि कक्षा १२ सम्म अध्ययन गर्ने एकाघर सगोलमा बसोवास गर्ने बाबु ,आमा ,बाबुतर्फको वाजे र बज्यै सम्झनुपर्छ ।

(७) समान्यतया शैक्षिक सत्र शुरु भएको एक महिनाभित्र विद्यालय व्यवस्थापन समिति गठन गर्नुपर्नेछ । तर ,जुनसुकै कारणले पदावधि समाप्त हुनुअघि नै अध्यक्ष वा सदस्यको पद रिक्त भएमा वा विद्यालय व्यवस्थापन समिति विघटन भएमा पद रिक्त भएको वा विघटन भएको एक महिनाभित्र उपदफा (१) अनुसार रिक्त पद पूर्ती गर्नुपर्ने वा समिति गठन गर्नुपर्नेछ ।

(८)विद्यालय व्यवस्थापन समिति गठन गर्न वा रिक्त पदपूर्ती गर्न कम्तीमा ७ दिनको सूचना दिई अभिभावक भेला बोलाउनुपर्नेछ । अभिभावकहरुको सूची यकिन गरी अभिभावक भेलाको तीन दिन अगावै प्रकाशन गर्नुपर्नेछ । विद्यालय व्यवस्थापन समितिको पदाधिकारीहरुको छनौट प्रयोजनार्थ कुल अभिभावको कम्तिमा ५० प्रतिशत भन्दा अधिकको उपस्थिति हुनुपर्नेछ । कुनै कारणबश उक्त भेलामा वि.व्य.स. को गठन हुन नसकेको अवस्थामा सोही भेलावाट दोस्रो पटकको भेलाको मिति तय गर्नुको साथै अर्को पटक बोलाइने अभिभावक भेलामा उपस्थित अभिभावकहरुको सहमतिवाट विद्यालय व्यवस्थापन समिति गठन गर्नु पर्नेछ ।

(९)  उपदफा (१) वमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(१०) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुन कक्षा ११-१२ वा सो सरह उतीर्ण गरेको र २५ वर्ष पूरा भएको हुनुपर्नेछ । तर शैक्षिक योग्यता प्राप्त व्यक्ति उपलब्ध नभएमा वा अध्यक्ष बन्न नचाहेमा सो भन्दा तल्लो शैक्षिक योग्यता प्राप्त व्यक्ति समेत समितिको अध्यक्ष हुनसक्नेछ ।

(११) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा सदस्यले आफनो पद अनुसार आचरण नगरेको पाइएमा वा पदीय दायित्व पूरा नगरेमा वा विद्यालयको सम्पती हिनामिना गरेमा सम्बन्धित वडा शिक्षा समितिको सिफारिसमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन वा विद्यालय व्यवस्थापन समिति विघटन गर्नसक्नेछ । तर ,त्यसरी पदवाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि मनासिब माफिकको सफाइ पेश गर्ने मौकावाट बंचित गरिने छैन ।

(१२) सदस्यको राजिनामा अध्यक्षले र अध्यक्षको राजिनामा समितिले स्वीकृत गर्नेछ । अध्यक्षसहित छानिएका र मनोनित सम्पूर्ण सदस्यहरुले सामुहिक वा व्यक्तिगत रुपमा राजिनामा गरेमा विद्यालयले सोको जानकारी शिक्षा शाखामा पठाउनुपर्नेछ र शिक्षा शाखाले स्थलगत अध्ययन तथा जाँचबुझ गरी राजिनामा स्वीकृत वा फिर्ता गराउन सक्नेछ ।

(१३) समान्यतया विद्यालय व्यवस्थापन समितिको बैठक महिनामा एक पटक बस्नेछ । समितिले प्रत्येक बैठकमा विद्यालयको पठनपाठनमा सुधार ल्याउने कम्तीमा एउटा प्रस्तावमाथी अनिवार्य रुपमा छलफल

गर्नुपर्नेछ। समितिको बैठक सम्बन्धी अन्य कार्यविधि यस ऐनमा उल्लेख भएका कुराहरुका अतिरिक्त यस ऐन अन्तर्गत शिक्षा नियमावली ,निर्देशिका एवम् कार्यविधिमा उल्लेख भएवमोजिम र उल्लेख नभएका कुराहरुमा समितिले आफैले निर्धारण गरेबमोजिम हुनेछ।

**(१७) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार :**

सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हनेुछ :

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने,

(ग) शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनौट गर्ने,

(घ) तालिममा जाने शिक्षक तथा कर्मचारीलाई तालिमबाट फर्केपछि कम्तीमा तीन वर्ष विद्यालयमा सेवा गर्नु पर्ने सम्बन्धमा शर्तहरू निर्धारण गरी कवुलियतनामा गराउने,

(ङ) शिक्षक तथा कर्मचारीहरूको सेवा सुरक्षाको लागी पहल गर्ने,

(च) विद्यालयको स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्ने र त्यसरी नियुक्त शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारले समान तहका शिक्षक तथा कर्मचारीलाई तोकिदिएको तलब स्केलमा नघटाई तलब भत्ता दिने,

(छ) नेपाल सरकारबाट स्वीकृत दरवन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा स्थायी पूर्तिको लागि सो पद रिक्त भएको मितिले पन्द्र दिनभित्र शिक्षा शाखामा लेखी पठाउने,

(ज) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारबाही गर्ने,

(झ) कुनै शिक्षक वा कर्मचारीलाई यस नियमावली बमोजिम व्यवस्थापन समितिले कारबाही गर्न पाउने विषयमा विभागीय कारबाही गरी त्यसको जानकारी शिक्षा शाखालाई दिने तथा आफूलाई कारबाही गर्न अधिकार नभएको विषयमा कारबाहीको लागि सिफारिस गर्नु पर्ने भएमा आवश्यकता अनुसार आफ्नो राय सहितको प्रतिवेदन शिक्षा शाखामा पठाउने,

(ञ) विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने,

(ट) नेपाल सरकारबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

(ठ) शिक्षक ,विद्यार्थी र अभिभावकले पालना गर्नुपर्नेआचार संहिता बनाई लागू गर्ने,

(ड) शिक्षक तथा कर्मचारीहरूको अभिलेख अध्यावधिक गराई राख्ने,

(ढ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कायर्क्रमको सम्बन्धमा जानकारी गराउने,

(ण) गाउँपालिका वाट तोकिएको लेखा परीक्षक मार्फत लेखा परीक्षण गराउने,

(त) विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन तर्फ उत्प्रेरित गर्ने व्यवस्था मिलाउने,

(थ) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति रकम प्रदान गर्ने,

(द) निरीक्षकले विद्यालयको चेक जाचँ वा निरीक्षण गर्दा हाजिरी पुस्तिका वा विद्युतीय हाजिरीमा गयल जनाएकोमा त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएका दिनको तलब कट्टी गर्ने,

(ध) व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने,

(न) स्थानीय तहसँग समन्वय गरी शैक्षिक विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,

(प) विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कायक्रम सञ्चालन गर्न आवश्यक देखिएमा स्थानीय तह तथा स्थानीय शिक्षा शाखा मार्फत गर्ने,

(फ) वार्षिक रुपमा विद्यालयका लागि आवश्यक मालसामान, मसलन्द सामग्रीको खरिद योजना स्वीकृत गर्ने,

(ब) विद्यालयको विपद, जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनिकरणका लागि कार्ययोजना बमोजिम कार्यान्वयन गर्ने,

(भ) विद्यालयको चल अचल सम्पत्तिको संरक्षण र सदुपयागे गर्ने,

(म) आफनै स्रोतबाट नियुक्त हनु शिक्षक तथा कर्मचारीको सवो, शर्त तथा विभागीय कारबाहीलाई व्यवस्थित गर्न कार्यविधि बनाई गाउँ शिक्षा समितिबाट स्वीकृत गराई लागू गर्ने,

(य) स्थानीय तह, गाउँ शिक्षा समिति ,वडा शिक्षा समिति र शिक्षा शाखाले दिएको निर्देशन पालना गर्ने /गराउने ,

(र) शिक्षक एवं कर्मचारीलाई मापदण्ड बनाई पुरस्कृत गर्ने ,

(ल) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने राजनैतिक ,धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने ,

(व) विद्यालयमा अध्ययनरत विद्यार्थीको पोषाक तोक्ने र सोको कार्यान्वन गर्ने ,

(श) प्रचलित कानुन वमोजिम शिक्षक सेवा आयोगवाट सिफारिस भएका शिक्षकलाई हाजिर गराई काममा लगाउने ।

(ष) नेपाल सरकार र गाउँपालिवाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने ,गाउँपालिकावाट अनुमति लिई रिक्त दरबन्दी तथा राहत अनुदान (कोटा ) ,शिक्षक अनुदान ,प्रराम्भिक वालविकास शिक्षक ,विद्यालय कर्मचारी पदमा वा विद्यालयको आफनै स्रोतवाट व्यहोर्ने गरी करारमा शिक्षक ,वालविकास शिक्षक वा विद्यालय कर्मचारी नियुक्ति गर्ने ,

(स) लेखापरीक्षकको प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने ,

(ह) अनुगमन टोली बनाई विद्यालयको हरेक गतिविधिको नियमित अनुगमन ,निरीक्षण गरी सुधारका लागि आवश्यक पहल गर्ने ,

(क्ष) विद्यालयको पढाई व्यवाहारिक, सीपमूलक, र स्तरीय बनाउन प्रतिस्पर्धी तथा सहयोगी भूमिका खेल्ने ,

.(त्र) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा सार्वजनिक परीक्षण गराउने ।

(ज्ञ) यस ऐन अन्तर्गतको नियमावली ,निर्देशिका ,कार्यविधिमा तोकिएबमोजिम र समय -समयमा नेपाल सरकार ,प्रदेश सरकार र गाउँपालिकाले तोकेबमोजिम अन्य कार्यहरु गर्ने ।

(२) व्यवस्थापन समितिले आफ्नो अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार व्यवस्थापन समितिको सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१८.अभिभावक शिक्षक संघको गठन :**

(१) सामुदायिक विद्यालयहरुमा शिक्षक अभिभावकबीच सुमधुर सम्बन्ध कायम राख्न ,शैक्षिक गुणस्तर अभिवृद्धि गर्न र विद्यालयको हरेक गतिविधिलाई पारदर्शी एवम् जवाफदेही बनाउन समाजिक परीक्षणको कार्यमा सहयोग गर्नका लागि प्रत्येक विद्यालयमा सम्पूर्ण शिक्षक र अभिभावकहरु रहने गरी अभिभावक शिक्षक संघ गठन हुनेछ ।

(२) अभिभावक शिक्षक संघको कार्य गर्नको लागि देहाय सदस्यहरु रहने गरी एक अभिभावक शिक्षक संघको कार्यकारी समिति रहनेछ :

(क) विद्यालयका अभिभावकहरुमध्येवाट छानिएको व्यक्ति ..................................................अध्यक्ष

(ख) अभिभावकहरुले आफूहरुमध्येबाट छानी पठाएको कम्तीमा एकजना महिला सहित दुईजना .....सदस्य

(ग) सम्बन्धित वडाका वडा समितिका सदस्यहरुमध्ये वडा समितिले मनोनित गरेको एक जना ......सदस्य

(घ) विद्यालयका संस्थापक ,चन्दादाता ,स्थानीय बुद्धिजीवी ,शिक्षाप्रेमीमध्येवाट एक जना महिला सहित दुई जना ..........................................................................................................सदस्य

(ङ) विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष ................................................................सदस्य

(च) प्रधानाध्यापक .......................................................................................................सदस्य

(छ) विद्यालयमा कार्यरत शिक्षकहरुमध्येवाट एकजना ............................................सदस्य -सचिव

**१९.अभिभावक शिक्षक संघको काम ,कर्तव्य र अधिकार :**

(१) अभिभावक शिक्षक संघको काम ,कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण निर्माण गर्न विद्यालय व्यवस्थापन समितिलाई सहयोग गर्ने ,

(ख) विद्यालयको समाजिक परीक्षण गर्ने /गराउने ,

(ग) शैक्षिक गुणस्तर अभिवृद्धिको लागि सहयोग गर्ने ,

(घ) विद्यालयमा भर्ना अभियान संचालन गर्न विद्यालयलाई सहयोग गर्ने ,

(ङ) अनिवार्य र निः शुल्क आधारभूत शिक्षा एवम् निःशुल्क माध्यमिक शिक्षा सुनिश्चित गर्न आवश्यक सहयोग गर्ने ,

(च) तोकिएबमोजिमका अन्य कार्यहरु गर्ने ।

परिच्छेछ -५

विद्यालय तहको शिक्षक तथा विद्यालय कर्मचारी र बालविकास शिक्षकको दरबन्दी ,सेवा ,शर्त ,योग्यता एवम् सक्षमताको मापदण्ड

**२०.शिक्षक विद्यालय कर्मचारीको दरबन्दी :**

(१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षक ,कर्मचारी दरबन्दी ,राहत र अनुदान कोटा तोकिएबमोजिम निर्धारण तथा वितरण हुनेछ ।

(२) गाउँपालिकाले विद्यालयगत शिक्षक दरबन्दी ,राहत वा अनुदान कोटा निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयगत आधारमा तोकिएबमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नेछ ।

(३) संघिय सरकार र प्रदेश सरकारवाट सामुदायिक विद्यालयहरुका लागि हाल विद्यमान शिक्षक दरबन्दी वा राहत वा शिक्षक अनुदान वा प्रारम्भिक वालविकास कोटा ,विद्यालय कर्मचारी पदमा थप भइआएमा आवश्यकता र औचित्यका आधारमा गाउँ शिक्षा समितिको सिफारिस बमोजिम वितरण वा मिलान गरिनेछ ।

(४) उपदफा (१) (२) वमोजिम दरबन्दी ,राहत वा अनुदान कोटा सिर्जना भई नियुक्ति भएका शिक्षक र कर्मचारीहरुको व्यक्तिगत अभिलेख खडा गरी विद्यालयमा राख्नुपर्नेछ र एक प्रति गाउँपालिकामा पठाउनुपर्नेछ । यसरी नियुक्त शिक्षक ,कर्मचारीको सेवा सुविधा संघीय र प्रदेश कानुनबमोजिम हुनेछ ।

**२१ .शिक्षक तथा कर्मचारीको सेवा ,शर्त ,योगयता र सक्षमता :**

(१) शिक्षक तथा कर्मचारीको सेवा ,शर्त ,योगयता र सक्षमता सम्बन्धी व्यवस्था संघीय र प्रदेश कानुन कबमोजिम हुनेछ ।

(२) संघीय र प्रदेश कानुनसँग नबाझिने गरी गाउँपालिकाले शिक्षक तथा कर्मचारीको अन्य सेवा ,शर्त ,योग्यता र सक्षमता सम्बन्धी मापदण्ड निर्धारण गरी लागू गर्नसक्नेछ ।

**२२.स्थायी अध्यापन अनुमति लिनुपर्ने :**

(१) गाउँपालिका क्षेत्रभित्र शिक्षक सेवा आयोगले तोकेबमोजिम अध्यापन अनुमति पत्र नलिई कसैले पनि शिक्षक पदका लागि उम्मेदवार हुन पाउनेछैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भएपनि शिक्षकसेवा आयोगको नियमावलीमा तोकिएका विषयहरुका लागि सोहीबमोजिम हुनेछ ।

**२३.शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था :**

(१) देहायको अवस्थामा विद्यालय शिक्षक वा कर्मचारीलाई गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले पदवाट हटाउन सक्नेछ । यसको लागि विद्यालय व्यवस्थापन समितिले वडा शिक्षा समिति मार्फत गाउँ शिक्षा समितिमा सिफारिस गर्नेछ :

(क) तोकिएबमोजिमको पदीय दायित्व पूरा नगरेमा ,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा ,

(ग) विद्यालयमा मादक पदार्थसेवन गरी आएकोकुरा प्रमाणित भएमा ,

(घ) नैतिक पतन देखिने कुनै फाजैदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ)सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा कुनै कार्य गरेको वा अन्य कुनै व्यावसायिक क्रियाकलापमा संलग्न रहेको प्रमाणित भएमा ,

(च) शिक्षक वा कर्मचारी कुनै पनि संघसंस्था वा राजनीतिक दलको कुनै पनि तहको कार्य समितिको सदस्य रहेको पाइएमा,

(छ) निजले अध्यापन गरेको विषयमा ३ बर्षको औषत शैक्षिक उपलब्धी ४०% भन्दा कम भएमा ।

(२) उपदफा (१) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने एथेष्ट प्रमाण प्राप्त भएमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदवाट हटाउनु अघि मनासिव माफिकको स्पष्टिकरणको मौका भने प्रदान गरिने छ ।

**२४.आदलतको आदेशबाट पुन : बहाली हुन सक्ने :**

(१) दफा २३ म उल्लेख भएको उजूरीमा सजाय भई नोकरीवाट हटाएको वा बर्खास्त भएको शिक्षक वा कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र सेवामा पुन : बहाली हुनसक्नेछ ।

(२) उपदफा (१) वमोजिम पुन : वहाली भएको शिक्षकले शिक्षक सेवाबाट हटेको वा बर्खास्त भएदेखिको मितिले पुन : बहाली भएको मितिसम्मको पूरा तलब ,भत्ता र तलब वृद्धि पाउने भए सोसमेत पाउनेछ ।

**२५.तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :**

(१) दफा २३ को उपदफा (१) मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले सो अवधिको तलब भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवा अवधिमा समेत गणना हुने छैन ।

**२६.स्थायी आवासीय अनुमति लिन नहुने :**

(१) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले नेपाल बाहिर कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिनु हुदैन ।

परिच्छेद -६

प्रधानाध्यापक ,शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति ,सरुवा ,बढुवा ,तालिम तथा वृति विकास

**२७.प्रधानाध्यापक/अस्थायी /करार/राहत/अनुदान शिक्षक/प्रराराम्भिक वालविकस शिक्षक वा कर्मचारीको नियुक्ति :** (१) गाउँपालिकाको वडा भित्र संचालित विद्यालयहरुमा रिक्त स्वकृत दरबन्दी राहत शिक्षक , शिक्षक अनुदान , प्रराम्भिक वालविकास शिक्षक (सहयोगी कार्यकर्ता) र विद्यालय कर्मचारी पदमा अस्थायी ,करार नियुक्ति तथा प्रधानाध्यापकको नियुक्तिको लागि उपयुक्त उम्मेदवार छनौट गर्न देहायवमोजिमको एक शिक्षक छनौट समिति रहनेछ :

(क) विद्यालय व्यवस्थापन समितिकोअध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य -अध्यक्ष

(ख) गाउँपालिकाको शिक्षा अधिकृत -सदस्य

(ग) माध्यमिक तहको शिक्षक छनौट गर्नु पर्ने भएमा शिक्षा शास्त्र विषयमा कम्तीमा स्नातकोत्तर र अन्य तहको शिक्षक छनौट गर्नु पर्ने भएमा शिक्षा शास्त्र विषयमा कम्तीमा स्नातक तह उर्तिण गरको व्यक्तिहरु मध्येबाट गाउँ शिक्षा समितिले तोकेको २ जना विषय विज्ञ -सदस्य

(घ) प्रधानाध्यापक -सदस्य सचिव

(२) दफा (१) बमोजिमको शिक्षक छनौट समितिमा विद्यालयको प्रधानाध्यापक नभएको खण्डमा वरिष्ठ्तम शिक्षकले सदस्य सचिव भई कार्य गर्नेछ ।

(३) दफा १ बमोजिम मनोनित सदस्यको पदावधि २ वर्षको हुनेछ ।

(४) शिक्षक छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहने छ ।

(५) शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुसार करार शिक्षक छनौट गर्दा परिक्षा लिई शिक्षक छनौट गर्नुपर्ने छ र प्रश्न पत्र विषय विज्ञबाट तयार गरिने छ ।

(६) यस प्रयोजनका लागी गाउँपालिका शिक्षा शाखाले तोकेबमोजिम विषय विज्ञको सुचि प्रकाश्न गर्नेछ

(७) शिक्षक छनौट प्रयोजनका लागि गाउँ शिक्षा समितिको सिफारिसमा शिक्षा शाखाले विषयविज्ञको सूचीमा सूचीकृत दुईजना विशेषज्ञहरुलाई शिक्षक छनौट सम्बन्धी परीक्षाको कार्यमा खटाउनुपर्नेछ ।

(८) शिक्षक छनौट समितिले शिक्षक सिफारिसका लागी लिइने परिक्षा केन्द्र गाउँपालिकामा राख्नुपर्नेछ ।

(९) दफा २७ को उपदफा १ मा जे भनिएता पनि विद्यालय कर्मचारी र प्रराराम्भिक वालविकास शिक्षक छनौट गर्दा व्यवस्थापन समितिले गाउँपालिका शिक्षा शाखा कर्मचारी सदस्य रहने गरी छुट्टै छनौट समिति गठन गरी परिक्षाका लागी कार्यविधि बनाउन सक्नेछ ।

(१०) शिक्षक छनौट समितिको बैठक सम्बन्धी कार्यविधि तोकेबमोजिम हुनेछ ।

**२८.प्रधानाध्यापक सम्बन्धी व्यव्स्था :**

(१) प्रत्येक विद्यालयमा विद्यालयको शैक्षिक ,प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न एक जना प्रधानाध्यापक रहनेछ ।

(२) दफा २७ को उपदफा (१) वमोजिम छनौट समितिको सिफारिसमा विद्यालय व्यवस्थापन समितिले ५ वर्षको कार्यसम्पादन करार सम्झौता गरी प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ ।

(३) कार्यसम्पादन करार समझौता वमोजिम काम नगरेमा वा निजको कार्य सन्तोषजनक नभएको वा निजको आचरण खराब रहेको व्यहोरा विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भइ आएमा गाउँपालिकाले स्थलगत जाँचबुझ गर्नेछ । जाँचबुझबाट सो कुरा प्रमाणित भएमा वडा शिक्षा समितिको सिफारिसमा गाउँ शिक्षा समितिले जुनसुकै बखत निजलाई प्रधानाध्यापकको पदवाट हटाउन सक्नेछ ।

(४) विद्यालय व्यवस्थापन समितिबाट सिफारिस नभएको अवस्थामा समेत गाउँपालिकाद्धारा गरिएको स्थलगत अनुगमन वा निरीक्षणवाट प्रधानाध्यापकलाई हटाउनुपर्ने उपदफा (३) बमोजिम अवस्थामा गाउँ शिक्षा समितिले जुनसुकै बखत निजलाई प्रधानाध्यापकको पदवाट हटाउन सक्नेछ । तर ,पदवाट हटाउनुअघि मनासिब माफिकको सफाइ पेश गर्ने मौकावाट बंचित गरिनेछैन ।

(५) प्रधानाध्यापकको अवधी ५ बर्षको हुनेछ । कार्य सम्पादन मूल्यांकन र कार्यकुशलतामा उत्कृष्ट ठहरिएमा नीज पुन सो पदमा नियुक्त हुन सक्नेछ ।

(६) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

(७) शिक्षक ,विद्यालय कर्मचारी वा प्रधानाध्यापक छनौट प्रक्रिया ,नियुक्ति तथा सेवा शर्तसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**२९.** प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार : प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर र अनुशासन कायम राख्ने,

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीहरूसँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरू बीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने,

(ग) विद्यालयमा अनुशासन, सच्चरित्रता, शिष्टता कायम गर्न आवश्यक काम गर्ने,

(घ) शिक्षकहरूसँग परामर्श गरी विद्यालयमा कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार गर्ने तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा सञ्चालन भए नभएको निरीक्षण गर्ने,

(ङ) विद्यालयमा सरसफाई, अतिरिक्त क्रियाकलाप आदिको प्रबन्ध गर्ने, गराउने,

(च) विद्यालयको प्रशासनिक कार्यको सञ्चालन तथा नियन्त्रण गर्ने,

(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तथा तोकिए वमोजिमका परीक्षा सञ्चालन गराउने,

(ज) विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाणपत्र दिने,

(झ) विद्यालयमा भए गरेका महत्वपूर्ण काम कारबाहीको अभिलेख राख्ने,

(ञ) कुनै शिक्षक वा कर्मचारीले जानी जानी वा लापरवाही साथ कुनै काम गर्नाले विद्यालयलाई हानी नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्ने,

(ट) विद्यालयले आफ्नै स्रोतमा नियुक्त गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा व्यवस्थापन समितिको सिफारिस बमोजिम अवकाश लगायतका अन्य विभागीय कारबाही गर्ने,

(ठ) शिक्षक र कर्मचारीलाई दिइएको सजायको अभिलेख राख्ने तथा त्यस्तो अभिलेख स्थानीय शिक्षा अधिकृत तथा निरीक्षकले हेर्न चाहेमा देखाउने,

(ड) शिक्षक तथा कर्मचारीहरूको आचरण र कार्य सम्पादन सम्बन्धी प्रतिवेदन स्थानीय शिक्षा शाखा तथा व्यवस्थापन समितिमा पेश गर्ने,

(ढ) शिक्षक वा कर्मचारीलाई सजाय वा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा स्थानीय शिक्षा शाखामा सिफारिस गर्ने,

(ण) स्थायी नियुक्ति एवं पदस्थापन भई आएका शिक्षकलाई हाजिर गराई विषय र तह अनुसारको कक्षा शिक्षणमा खटाउने,

(त) महिनामा कम्तीमा एक पटक शिक्षक तथा कर्मचारीहरूको बैठक बोलाई विद्यालयको प्राज्ञिक, भौतिक र शैक्षिक प्रशासन सम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने,

(थ) गाउँपालिकाबाट पूर्व स्वीकृति लिई अति आवश्यक भएका विषयमा विद्यालय व्यवस्थापन समितिको निर्णय गराई विद्यालयको आन्तरिक स्रोतबाट तलब भत्ता खाने गरी शिक्षकको पद कायम गरी सो अनुसार पद स्वीकृति भएका विषयका शिक्षकको यस ऐनमा व्यवस्था भए बमोजिमको प्रक्रिया अपनाई पदपूर्ती गरी करारमा विद्यालयको आन्तरिक स्रोतबाट तलब भत्ता खाने गरी नियुक्त गर्ने र यसरी नियुक्ति भएका शिक्षक तथा कर्मचारीहरूको तलब सम्बन्धी प्रतिवेदन पारित गर्न व्यवस्थापन समितिमा पेश गर्ने,

(द) विद्यालय भवन तथा छात्रावासको हाताभित्र कुनै किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने,

(ध) विद्यालयको प्रभावकारी सञ्चालनको लागी वार्षिक योजना बनाई व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वयन गर्ने, गराउने,

(न) विद्यालयमा अध्ययन, अध्यापन सम्बन्धी मासिक, अर्ध-वार्षिक तथा वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

(प) शिक्षक वा कर्मचारीलाई तालिममा पठाउन स्थानीय शिक्षा शाखामा पठाउने,

(फ) विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने,

(ब) व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्ने र आय व्ययको हिसाब राख्ने तथा राख्न लगाउने,

(भ) विद्यालयमा सञ्चालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढङ्गबाट सञ्चालन गर्ने गराउने,
(म) कुनै शिक्षकले अध्यापन गरेको विषयको उपलब्धि भौगोलिक क्षेत्र औषत उपलब्धि भन्दा लगातार तीन वर्षसम्म कम भएमा वा कुनै शिक्षकले लापरवाही वा अनुशासनहीन काम गरेमा त्यस्तो शिक्षकको दुई वर्षसम्म तलब बृद्धि रोक्का गर्ने, करार अस्थायी राहत शिक्षकको हकमा नीजहरूको अभिलेख शिक्षा शाखामा पठाउने ।

(य) विद्यालयमा नियम बमोजिमको कक्षा लिने तथा शिक्षकलाई लिन लगाउने,

(र) स्वीकृत दरवन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीको तलवी प्रतिवेदन पारित गर्न शिक्षा शाखामा पठाउने,

(ल) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको काम, कर्तव्य तोक्ने, तोकिएको जिम्मेवारी पूरा गर्न नसक्ने शिक्षकलाई विभागिय कार्यवाही( ग्रेड रोक्का , ग्रेड घटुवा वा सरुवा ) का लागि वि व्या स को निर्णयानुसार शिक्षा शाखा मार्फत गाउँ शिक्षा समितिमा पेश गर्ने ।

(व) शिक्षा शाखा तथा व्यवस्थापन समितिले दिएका निर्देशन पालन गर्ने, गराउने,

(श) विद्यालयको शैक्षिक प्रगति सम्बन्धी विवरण तथा तथ्याङ्क तालुक निकायद्वारा निर्धारित ढाँचा र समयभित्र निरीक्षकद्वारा प्रमाणित गराई स्थानीय शिक्षा शाखामा पठाउने,

(ष) विद्यालयको आफ्नो स्रोतबाट खर्च बेहोर्ने गरी नियुक्त भएका शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन फाराम भरी व्यवस्थापन समितिमा पेश गर्ने,

(स) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सम्पत्ति विवरण फाराम निर्धारित समयमा भर्न लगाई विद्यालयमा दर्ता गरी सम्बन्धित निकायमा पठाउने,

(ह) विद्यालयका शिक्षक तथा कर्मचारीबाट कट्टी गरेको कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, बीमा, सामाजिक सुरक्षाकोषको रकम सम्बन्धित निकायमा पठाउन लगाउने,

(क्ष) व्यवस्थापन समितिबाट स्वीकृत खरिद योजना अनुसार मालसामन तथा सेवा खरिद गर्ने ।

(त्र) प्रधानाध्यापक स्थानिय तह, अभिभावक एवं विद्यार्थीप्रति जिम्मेवार हुनेछ . यसका लागि :

(१) अभिभावक एवं विद्यार्थीको विचार सर्वेक्षण गर्ने,

(२) प्रचलित मापदण्डको पालना एवं गुणस्तरीय शिक्षाको लागि विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले शिक्षा अधिकृतसँग कार्यसम्पादन करार गरे बमोजिम प्रचलित मापदण्डको पालना एवं गुणस्तरीय शिक्षा प्रत्याभूत गर्नुपर्ने,

(३) शिक्षक एवं कर्मचारीलाई प्रधानाध्यापकप्रति जिम्मेवार बनाउन तथा गुणस्तरीय शिक्षाका लागि गाउँ कार्यपालिका, शिक्षा समिति र शिक्षा अधिकृतले प्रचलित कानुन बमोजिम दिएका निर्देशन पालना गराउन तथा अपेक्षित शैक्षिक उपलब्धिका लागि शिक्षकहरूसँग कार्यसम्पादन करार गर्नुपर्नेछ ,

(४). विद्यालयको भौगोलिक क्षेत्र भित्रका टुहुरा, अलपत्र परेका र बेसाहारा, विशेष आवश्यकता भएका तथा अतिविपन्नतामा परी विद्यालय जान नसकेका वा विद्यालय छोडेका बालवालिकालाई कार्यपालिका मार्फत् छात्रबृत्ति वा विशेष व्यवस्था गरी वा निजका अभिभावक वा संरक्षकलाई सघाई वालवालिकालाई विद्यालयमा ल्याउनु प्रधानाध्यापकको जिम्मेवारी हुनेछ । विद्यार्थीलाई अपेक्षित शैक्षिक उपलब्धि हासिल हुने गरी सिकाउने र टिकाउने दायित्व प्रधानाध्यापक र शिक्षकहरूको हुनेछ ,

(५). विद्यालयको प्राज्ञिक नेतृत्व गर्ने, प्रवद्धनात्मक कार्य गर्ने ।

**३०.शिक्षक तथा विद्यालय कर्मचारीको सरुवा :**

(१) सरुवा हुन चाहने शिक्षकले आफू कार्यरत विद्यालय र सरुवा हुन चाहेको विद्यालय व्यवस्थापन समितिको सहमति सहित विद्यालयको सिफारिस संलगन गरी गाउँपालिकाको शिक्षा शाखामा तोकिएवमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ। यसरी निवेदन दिँदा आफू कार्यरत विद्यालय र सरुवा हुन चाहेको विद्यालयको शिक्षक पद ,तह र विषय समान हुनुपर्नेछ।

(२) यसरी निवेदन परेमा गाउँ शिक्षा समितिको निर्णय अनुसार शिक्षा शाखाले तोकिएबमोजिमको प्रक्रिया अपनाई गाउँपालिका क्षेत्रभित्र रिक्त पदमा सरुवा गर्न वा पारस्परिक सरुवा गर्नसक्नेछ।

(३) अन्य स्थानीय तहमा कार्यरत शिक्षक यस गाउँपालिका क्षेत्रभित्रको विद्यालयमा सरुवा हुन चाहेमा वा गाउँपालिका क्षेत्रभित्र कार्यरत शिक्षक अन्य स्थानीय तहको विद्यालयमा सरुवा भई जान चाहेमा उपदफा (१) वमोजिम निवेदन दिनुपर्नेछ। निवेदनको माग मनासिब देखिएमा शिक्षा शाखाले सरुवाको सहमति दिनसक्नेछ।

(४) विद्यालय शिक्षाको गुणस्तर वृद्धिका लागि आवश्यकता र औचित्यका आधारमा पर्याप्त कारण खुलाई गाउँ शिक्षा समितिको निर्णयबमोजिम शिक्षा शाखाले शिक्षक वा कर्मचारीलाई गाउँपालिका क्षेत्रभित्र एक विद्यालयवाट अको विद्यालयमा सरुवा गर्नसकनेछ।

(५) गाउँपालिकाले दरबन्दी मिलान ,विद्यालय समायोजन र कक्षा थपघट गर्ने क्रममा समान तहको स्थायी ,अस्थायी ,राहत ,शिक्षक अनुदान ,प्रारम्भिक वालविकास शिक्षक र विद्यालय कर्मचारीलाई आवश्यकता र औचित्य खुलाई एक विद्यालयवाट अको विद्यालयमा सरुवा गर्नसक्नेछ।

(६) एकै  विद्यालयमा पाँच वर्ष सेवा अवधि पुगेको शिक्षक एवम् कर्मचारीलाई शिक्षा शाखाले सम्बन्धित विद्यालयको सहमति वेगर पनि गाउँ शिक्षा समितिको सहमति लिई गाउँपालिका क्षेत्रभित्रको अको विद्यालयमा सरुवा गर्न सक्नेछ।

(७) समान्यतया शिक्षक वा कर्मचारीलाई विद्यालयमा सरुवा पदस्थापन गरिएको एक शैक्षिक सत्र पूरा नभई अको विद्यालयमा सरुवा गरिनेछैन।

(८) शिक्षक वा विद्यालय कर्मचारीको सरुवा शैक्षिक सत्रको शुरु वा अन्तयमा गरिनेछ। पर्याप्त कारण र विशेष परिस्थितिमा (विशेष अवस्था भन्नाले निज सो विद्यालयमा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको ,स्वास्थ्य समस्या, पतिपत्नी सगैंरही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिने) गाउँ शिक्षा समितिको सहमति लिई शिक्षा शाखाले जुनसुकै बखत सरुवा गर्नसक्नेछ।

**<u>३१. दरबन्दी मिलान तथा विद्यालय समायोजन :</u>**

(१) गाउँ शिक्षा समितिले विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा प्रत्येक वर्ष दरबन्दी मिलानको कार्य शैक्षिक सत्रको शुरु वा अन्तयमा गरिनेछ ,बढी दरबन्दी ,राहत वा शिक्षक अनुदान ,प्ररामि्भक वालविकास कोटा भएको विद्यालयवाट कम दरबन्दी ,राहत वा शिक्षक अनुदान ,प्रारम्भिक बालविकास कोटा भएको विद्यालयमा दरबन्दी मिलान गर्न सक्नेछ। यसको लागि गाउँपालिकाले एक समिति वा कार्यदल गठन गर्नसक्नेछ।

(२) दरबन्दी मिलान तथा विद्यालय समायोजनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**<u>३२. शिक्षकको स्थायी नियुक्ति तथा बढुवासम्बन्धी व्यवस्था :</u>**

(१) नेपाल सरकार र प्रदेश सरकारबाट स्वकृत शिक्षक दरबन्दीमा शिक्षकहरुको स्थायी नियुक्ति तथा बढुवा सम्बन्धी व्यवस्था संघीय र प्रादेशिक कानुनबमोजिम गठित शिक्षक सेवा आयोगवाट तोकिएबमोजिम हुनेछ ।

(२) शिक्षक सेवा आयोगवाट सिफारिस भई आएका शिक्षकहरुको नियुक्ति तथा पदस्थापन शिक्षा शाखाले गर्नेछ ।

(३) गाउँपालिकाले आफनै स्रोतवाट शिक्षक एवम कर्मचारीहरुको नियुक्ति ,सेवा ,शर्त ,सुविधा र बढुवा सम्बन्धी व्यवस्था गाउँपालिकावाट जारी कार्यविधि वा निर्देशिकाबमोजिम हुनेछ ।

**३३.तालिम तथा क्षमता विकास सम्बन्धी व्यवस्था :**

(१) शिक्षकलाई संघीय ,प्रादेशिक तथा गाउँपालिकावाट निर्धारित तालिम ,नीति ,कार्यक्रम र योजना अनुसार तालिम तथा क्षमता विकासको अवसर हुनेछ ।

**३४. शिक्षकलाई अन्य काममा लगाउन नहुने :**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा वाहेक अन्य काममा लगाउन पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना ,निर्वाचन सम्बन्धी काम ,दैवी प्रकोप उद्धार वा संघीय सरकार ,प्रदेश सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ । त्यस्तो कार्यरमा गाउँपालिकाको शिक्षा शाखाले खटाउनेछ ।

**(३५). कायर्सम्पादन करार सम्झौता गर्नुपर्नेः**

शिक्षालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नुपर्नेछ : (१) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षा शाखा हेर्ने अधिकृतसँग , शिक्षा अधिकृतले सबै विद्यालयका प्रधानाध्यापकसँग, प्रधानाध्यापकले आफ्ना मातहतका सबै शिक्षहरुसँग सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुने छ । सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य गाउँ शिक्षा समितिले तयार पारी गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

**(३६) कार्यसम्पादन मूल्याकंन र सजाय तथा पुरस्कार**

(१) कार्यसम्पादन करार भएका शिक्षक तथा कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने शिक्षक कर्मचारीलाई दण्डित गर्नु पर्दछ ।

(२) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय गाउँकार्यपालिकाले तोकेबमोजिम हनुेछ ।

परिच्छेद -७

सामुदायिक विद्यालयको भौतिक पूर्वाधारको विकास ,मर्मत सम्भार ,संचालन र व्यवस्थापन

**(३७) विद्यालयको भौतिक तथा शैक्षिक पूवार्धार समबन्धी मापदण्ड :**

(१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा ,खेलमैदान ,कम्पाउण्ड वाल तथा घेरावार ,वालमैत्री वसाई व्यवस्था ,वातावरणमैत्री हाता ,करेसावारी ,फूलवारी ,स्वच्छ पिउने पानी ,छात्र छात्राका लागि अलग अलग शौचालय ,सिकाईमैत्री वातावरण हुनुपर्छ ।

(२) विद्यालयमा प्राथमिक उपचार ,नियमित स्वास्थय परीक्षण ,मनोपरामर्श ,छात्रामैत्री ,सेनेटरी प्याड जस्ता न्यून्तम सुविधा उपलब्ध हुनुपर्नेछ ।

(३) विद्यालयको सतर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिएबमोजिम हुनेछ ।

**(३८) विद्यालयको सम्पती :**

(१) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा बेच-बिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँपालिका शिक्षा कोषमा आम्दानी बाँधिनेछ र सो रकम शैक्षिक विकासमा खर्च गरिनेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएका त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्नपाइनेछैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँ पालिकाको अनुमति लिनु पर्नेछ । तर ,गैर नेपाली नागरिक वा अन्तर्राष्ट्रिय संघसंस्थावाट त्यसरी चल ,अचल सम्पती प्राप्त गर्नु अघि संघीय सरकार ,प्रदेश सरकार र गाउँपालिकावाट पूर्व स्वकृती लिनुपर्नेछ ।

**(३९). सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन :**

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहनेछ । सो विद्यालय खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले कानुन बमोजिम बेचबिखन वा भोग चलन गर्न सक्ने छ ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिकाको हुनेछ ।

**(४०) पाठ्यक्रम र पाठ्यपुस्तक :**

(१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हनु गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही प्रादेशिक तथा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ ।

(२) आफनो विद्यालयका विद्यार्थीलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमा भित्र गाउँपालिकासँग माग गर्नुपर्नेछ ।

(३) गाउँपालिकाले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तकको वितरण गर्ने /गराउने व्यवस्था गर्नसक्नेछ ।

(४) गाउँपालिकाले आधारभूत तहसम्मको शिक्षाका लागि राष्ट्रिय पाठ्यक्र प्रारुप ,पाठ्क्रम सम्बन्धी राष्ट्रिय र प्रादेशिक नीति अनुरुप स्थानीय आवश्यकतामा आधारित स्थानीय पाठ्यक्रम तर्जुमा गरी कार्यान्वन गर्नसक्नेछ ।

६) तोकिएबमोजिम मापदण्ड अनुरुप हरेक विद्यालयले शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्य सामग्री, थप स्वाध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध गर्नु पर्नेछ ।

**४१ अतिरिक्त शैक्षिक कृयाकलाप :**

(१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाई सक्षमता सुनिश्चित गर्न ,सिकाई सहजीकरण प्रक्रियामा मदत गर्न र विद्यार्थीको  अन्तर्निहित प्रतिभाको प्रस्फुटनको अवसर दिलाउन सह -क्रियाकलाप तथा अतिरिक्त क्रियाकलाप संचालन गर्न सक्नेछ । यसका लागि विद्यालयले योजना बनाई कार्यान्वन गर्नेछ ।

(२) विद्यालयले स्काउट ,बालक्लव, तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामूखी कृयाकलापहरु सञ्चालन गर्नसक्नेछ ।

परिच्छेद ८

**४२.आधारभूत शिक्षा उतीर्ण परीक्षा संचालन तथा व्यवस्थापन :**

(१) आधारभूत तह कक्षा (८) को अन्तयमा लिइने परीक्षा संचालन तथा व्यवस्थापन र यिन्त्रण गर्नको लागि देहायबमोजिमको एक आधारभूत शिक्षा परीक्षा समिति रहनेछ :

(क) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत ..........................अध्यक्ष

(ख) सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकहरुमध्येवाट समितिले मनोनित गरेको  दुई जना ..................................................................सदस्य

(ग) शिक्षा शाखा प्रमुख वा निजले तोकेको कर्मचारी ....................सदस्य -सचिव

(२) अधारभूत शिक्षा परीक्षा संचालन र व्यवस्थापनको लागि शिक्षा शाखाले सम्बन्धित तह र विषयविज्ञ सूची प्रकाशन गर्नेछ ।

(३) परीक्षा समितिले सम्बन्धित विषयका विशेषज्ञहरुलाई परीक्षा समितिको बैठकमा आमन्त्रण गर्नसक्नेछ।

(४) मनोनित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ । मनोनित सदस्यहरुले पदीय आचरण उल्लघंन गरेमा वा परीक्षाको मर्यादाविपरीत कार्य गरेको प्रमाणित भएमा मनोनित गर्ने पदाधिकारी वा निकायले जुनसुकै बखत हटाउन सक्नेछ । तर ,पदवाट हटाउनु अघि निजलाई मनासिब माफिकको सफाई पेश गर्ने मौकावाट बंचित गरिने छैन ।

(५) परीक्षा समितिको बैठकभत्ता गाउँपालिकाले तोकेबमोजिम वा प्रचलित कानुनबमोजिम हुनेछ ।

(६) आधारभूत तह कक्षा (८) को अन्तयमा लिइने परीक्षा संचालन तथा व्यवस्थापन र नियन्त्रण र परीक्षा समितिको बैठक सम्बनधी कार्यविधि अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ ।

परिच्छेद ९

संस्थागत विद्यालयको अनुमति ,मापदण्ड निर्धारण ,अनुगमन ,मूल्याङ्कन र नियमसम्बन्धी व्यवस्था :

**४३ .संस्थागत विद्यालय संचालन अनुमति :**

(१) कुनै पनि नागरिकले शैक्षिक गुठी अन्तर्गत संसथागत विद्यालय खोल्न चाहेमा तोकिए बमोजिम माघ मसान्त भित्र शिक्षा शाखामा निवेदन दिनु पर्नेछ । यसरि निवेदन दिँदा अनुमति माग गरेको तह वा कक्षा संचालन गरिरहेका सबै भन्दा नजिकको दुई वटा सामुदायिक विद्यालयको व्यवसथापन समितिको निर्णय सहितको सहमति पत्र र सम्बन्धित वडाको सिफारिस समेत संलग्न गर्नुपर्नेछ ।

(२) अनुमति सम्बन्धि अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**४४.संस्थागत विद्यालयको व्यवस्थापन समिति :**

(१) संस्थागत विद्यालयकोसञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेकोएक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ता मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा गाउँ शिक्षा समितिवाट मनोनित - अध्यक्ष

(ख) अभिभावकहरुमध्येबाट कम्तीमा एक महिला सहित विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना -सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवी मध्येबाट गाउँ शिक्षा समितिबाट मनोनित एक - सदस्य;

(घ) सम्बन्धित क्षेत्रको शिक्षा शाखा प्रमुख वा प्रमुखले तोकेको एक जना कर्मचारी - सदस्य;

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एक -सदस्य;

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

**४५. संस्थागत विद्यालयकोविद्यालय व्यवस्थापन समितिकोकाम, कर्तव्य र अधिकार**

१) संस्थागत विद्यालयकोविद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-
(क) विद्यालय सञ्चालनकोलागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) नेपाल सरकार र गाउँपालिकाले तोके बमोजिमको स्वकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने गराउने

घ) अध्यापन अनुमति पत्र लिई प्रचलित कानुन बमोजिम योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(ङ) छनौट समितिको सिफारिसमा विद्यालयमा शिक्षक तथा कर्मचारीको नियुक्ति , न्यूनतम तलब, सेवा सुविधा तोक्ने,

(च) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(छ) यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली र अन्य कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिकावाट जारी शिक्षाक्षेत्रसगँ सम्बन्धित सवै नीति, नियम तथा निर्देशनहरूको पालना गर्ने /गराउने ,

(ज) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम गर्ने ,

(झ) प्रत्येक वर्ष विद्यालयको आयव्ययको लेखा परीक्षण गराई सोको प्रतिवेदन अनिवार्य रुपमा सम्बन्धित वडा कार्यलय र गाउँपालिकामा पेश गर्ने ,

(ञ) शिक्षक ,कर्मचारी तथा विद्यार्थीको अचारसंहिता बनाई लागु गर्ने ,

(ट) विद्यालयले भर्ना लिई शुल्क तथा अन्य शुल्कको प्रस्ताव तयार गरी अभिभावकहरुको भेलावाट स्वकृत गराउने ,

(ठ) विद्यालय व्यवस्थापन समितिको अन्य काम ,कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

**४६. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनुपर्ने :**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, महिला, दलित विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । छात्रवृत्ति वितरणको यथार्थ जानकारी सम्वन्धित वडा समिति र गाउँपालिका शिक्षा शाखा समक्ष बुझाउनु पर्ने छ ।

(२) उपदफा (१) वमोजिम विद्यालय व्यवस्थापन समितिले निश्चित आधार ,शर्त र प्रक्रिया निर्धारण गरी छात्रवृतीको लागि विद्यार्थी छनौट गर्नु पर्नेछ र सोको विवरण सूचना पाटीमा टाँस गर्नुपर्नेछ ।

**(४७) अनुगमन तथा मूल्याङ्कन :**

(१) संस्थागत विद्यालयको गुणस्तर कायम भए नभएको यकिन गर्न गाउँपालिकाले जुनसुकै बखत अनुगमन गर्न र निर्देशन दिनसक्नेछ । अनुगमनका बखत माग भएको कागजात एवम् अभिलेख उपलब्ध गराउनु र विद्यालयलाई दिएको निर्देशन कार्यान्वन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

**(४८) अनुमति वा स्वीकृत रद्ध गर्ने :**

(१) कुनै संस्थागत विद्यालयले संघिय र प्रदेश कानुन तथा यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै कार्य गरेमा गाउँ शिक्षा समितिले त्यस्तो विद्यालयलाई प्रदान गरेको अनुमति वा स्वकृती जुनसुकै बखत रद्ध गर्नसक्नेछ । तर ,त्यसरी अनुमति वा स्वकृती रद्ध गर्नु अघि सम्बन्धित विद्यालयलाई सफाई पेश गर्ने मौकावाट बंचित गरिनेछैन ।

परिच्छेद १०

विद्यालय विकास कोष ,आयव्ययको लेखा ,समाजिक परीक्षण र लेखापरीक्षण

**४९. विद्यालय विकास कोष :**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हनेुछ, जसमा देहाय वमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः-

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयागे बाट प्राप्त रकम,

(ग) चन्दा वा दान दानदात्व्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रातेबाट प्राप्त रकम ।

**५०. अनुदानको व्यवस्था :**

(१) यो ऐन प्रारम्भ हँदुाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुनेगरी तोकिएको सूत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्ननसकेमा वा कानुन विपरीत कार्य गरेमा त्यस्ता विद्यालयलाई दिँदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न र घटाउन सकिनेछ ।

(२) गाउँपालिकाले सामुदायिक विद्यालयलाई सघीय सरकार ,प्रदेश सरकार र गाउँपालिकावाट तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

**५१.विद्यालयको बजेट ,विद्यालय विकास कोषको संचालन तथा आयव्ययको लेखा :**

(१) प्रधानाध्यापकले प्रत्येक वर्षको जेठ मसान्त भित्र आगामी आर्थिक वर्षको बजेट(आयव्ययको अनुमान) तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा शाखामा समयमा पठाउनु पर्नेछ ।

(२) विद्यालयले शिक्षक तलब भत्ता तथा कर्मचारी पारिश्रमिक बाहेक विद्यालय विकास कोषमा जम्मा भएको अन्य रकम विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम मात्र खर्च गर्न पाउनेछ ।

(३) विद्यालय विकास कोषको संचालन विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा विद्यालय व्यवस्थापन समितिले तोकेको विद्यालय व्यवस्थापन समितिको सदस्य र प्रधानाध्यापकको संयुक्त दस्तखतवाट हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि माध्यमिक तथा निम्न माध्यमिक विद्यालयको कोषको संचालन प्रधानाध्यापक र लेखापाल वा लेखासम्बन्धी काम गर्ने शिक्षक वा कर्मचारीको संयुक्त दस्तखतवाट गरिनेछ ।

(५) विद्यालयहरुले प्रचलित कानुनबमोजिमको ढाँचामा दोहोरो लेखा प्रणाली अनुसार आय-व्ययको लेखा राख्नुपर्नेछ । हिसाब किताब राख्ने जिम्मेवारी प्रधानाध्यापक र लेखा सम्बन्धी काम गर्ने कर्मचारी वा शिक्षकको हुनेछ भने हिसाब किताब राख्न लगाउने जिम्मेवारी विद्यालय व्यवस्थापन समितिको हुनेछ ।

(६) विद्यालय विकास कोषको रकम रकम गाउँपालिकाले तोकेको बैकमा खाता खोली जम्मा गर्नुपर्नेछ र विद्यालयको सम्पूर्ण खर्च विद्यालय विकास कोषको रकमबाट व्यहोरिनेछ ।

(७) आयव्ययको लेखा राख्दा विद्यालयको कामकार्वाहीको वास्तविक स्थित थाहा पाउने गरी मालसामानहरुको खरिद बिक्रि र नगदी , जिन्सी , जायजेथा ,दायित्व आदिको विस्तृत विवरण स्पष्टरुपले खुलेको हुनुपर्नेछ ।

(८) विद्यालयको नगदी ,जिन्सी ,जायजेथामा कुनै किसिमको हिनामिना ,हानी नोक्सानी वा लापरवाही हुन नपाउने गरी सुरक्षित राख्ने र सोको लगत राख्ने तथा राख्न लगाउने दायित्व विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकको हुनेछ ।

(९) विद्यालयको आयव्यय लेखा ,बिलभर्पाइ लगायतका कागजातहरु विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकवाट प्रमाणित गराई राख्ने र राख्न लगाउने जिम्मेवारी प्रधानाध्यापकको हुनेछ ।

**५२. लेखा परीक्षण तथा सामाजिक परीक्षण :**

(१) सामुदायिक विद्यालयको काम कारबाही सघीय र प्रदेश कानुन तथा यस ऐन अन्तर्गतको नियमावली निर्देशिका वा कार्यविधि र प्रचलित कानुनबमोजिम भए नभएको सम्बन्धमा प्रत्येक वर्ष लेखाजोखा गर्न देहायबमोजिमको एक समाजिक परीक्षण समिति रहनेछ :

(क) अभिभावक शिक्षक संघको अध्यक्ष ......................अध्यक्ष

(ख) अभिभावकहरुमध्येवाट अभिभावक शिक्षक संघले तोकेको एकजना महिला सहित दुई जना ..सदस्य

(ग) सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले तोकेको वडा सामितिको सदस्य एक जना .........सदस्य

(घ) स्थानी बुद्धिजिवी ,समासेवी वा शिक्षा प्रेमीहरुमध्येवाट अभिभावक शिक्षक संघले तोकेको एक जना सदस्य ............................सदस्य

(ङ) विद्यालयको उच्चतम कक्षामा अध्ययनरत उतकृष्ट छात्र र छात्रा एक -एक जना गरी दुई जना ...सदस्य

(च) विद्यालयमा गठित बालक्लब ,हरित कलब ,स्काउट ,कुनै सदन वा अन्य यस्तै बाल समूहमध्ये विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना प्रतनिधि ..................सदस्य

(छ) अभिभावक शिक्षक संघले तोकेको सम्बन्धित विद्यालयको शिक्षक .........सदस्य-सचिव

(२) समाजिक परीक्षण समितिमा छानिएको ,तोकिएको वा मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ ।



राजपत्र गाउँपालिका

(३) समाजिक परिक्षण समितिको बैठक आवश्यकतानुसार हुनेछ। समाजिक परीक्षण समितिमा प्रतिनिधित्व हुननसकेको विद्यालयस्तरीय बालबलब ,स्काउट लगायत अन्य बाल क्लव वा समुहका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्नुपर्नेछ ।

(४) समाजिक परीक्षणका क्रममा विद्यालयको आयव्यय ,शैक्षिक उपलब्धि ,अन्तरिक गतिविधि ,पारदर्शिता र जवाफदेहिता स्थिति र अगामी बर्षको कार्ययोजना समेत मूल्याङ्कन गरी आमभेला बोलाई सार्वजनिक गर्नुपर्नेछ ।

(५) विद्यालयले प्रत्येक वर्ष भदौं मसान्तसम्ममा समाजिक परिक्षण गराई प्रतिवेदन एक प्रति र आमभेलाको निर्णयप्रति शिक्षा शाखामा अनिवार्य रुपमा असोज मसान्त भित्रमा पेश गर्नुपर्नेछ ।

(६) विद्यालयको समाजिक परीक्षणसम्बन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ ।

**५३.लेखापरीक्षण सम्बन्धि व्यवस्था :**

(१) विद्यालयले आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्रमा गाउँपालिकाले तोकेको लेखापरीक्षकवाट लेखापरीक्षण गराउनुपर्नेछ ।

(२) प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समिति मार्फत प्रत्येक बर्षको लेखापरीक्षणको प्रतिवेदन शिक्षक अभिभावकको भेला बोलाई सार्वजनिक गर्नुपर्नेछ ।

(३) लेखापरीक्षणको कार्य समाप्त भएको पन्द्र दिनभित्र लेखापरीक्षण प्रतिवेदन र अभिभावक भेलाको निर्णय प्रति शिक्षा शाखामा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

परिच्छेद ११

विद्यार्थी प्रगति प्रतिवेदन ,छात्रवृती ,शुल्क तथा सहयोग ,छुट तथा सुविधा

**(५४).विद्यार्थी प्रगति प्रतिवेदन :**

(१) विद्यालयले प्रत्येक त्रैमासिक र वार्षिक परीक्षाको नतिजा विश्लेषण तथा प्रवोधिकरण गरी नतिजासहित विद्यार्थीको प्रगति प्रतिवेदन अभिभावक समक्ष पेश गरी पृष्ठपोषण लिने र दिने कार्य गर्नुपर्नेछ ।

(२) विद्यार्थीको प्रगति प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था विद्यालय व्यवस्थापन समितिले तोकेबमोजिम हुनेछ ।

**५५ .छात्रवृति समबन्धी व्यवसथा :**

(१) गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीका लागि नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त हुने छात्रवृती वा अन्य संघसंस्थाबाट प्राप्त हुने छात्रवृतीका अतिरिक्त तोकिएबमोजिम अन्य छात्रवृती वा सहुलियत व्यवस्था गर्नसक्नेछ ।

**५६. शुल्क तथा सहयोग :**

(१) नेपालको संविधान बमोजिम आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क हुनेछ। नेपाल सरकारले निःशुल्क शिक्षा घाषेणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउनेछैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभिभावकले विद्यालय विकासका लागि आफनो इच्छाले दिएको दान ,उपहार ,चन्दा वा सहयोग विद्यालयले लिनसक्नेछ। संस्थागत विद्यालयले यस्तो सहयोग प्राप्त गर्न गाउँपालिकाको पूर्व स्वकृती लिनुपर्नेछ ।

(३) विद्यालय उमेर समूहका सबै वालवालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षा प्रदान गर्नका लागि संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानका अतिरिक्त गाउँपालिकाले आवश्यक अन्य स्रोतको व्यवस्था गर्न सक्नेछ।

(४) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(५) विद्यालयलेभौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क प्रस्ताव गरी शिक्षा शाखामा पेश गर्नु पर्नेछ। गाउँ शिक्षा समितिले विद्यालयबाट प्रस्तावित शुल्कको दर सम्बन्धमा छानविन गरी विद्यालयले उपलब्ध गराएको सुविधाहरुको आधारमा शुल्क निर्धारण गरिनेछ।

(७) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ। यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले २५००० हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

**५७. विद्यालयलाई छुट र सुविधा**

(१) प्रचलित कानुनमा जुनसुकैकुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहके अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा गाउँपालिकाले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तरु छुट दिन सक्नेछ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिएबमोजिम हनेुछ।

परिच्छेदः १२

प्राविधिक तथा व्यवासायिक शिक्षा :

**५८. प्राविधिक तथा व्यवसायिक शिक्षा संचालन :**

(१) गाउँपालिकाले आफनो क्षेत्रभित्र संचालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाको निर्धारित विषय अध्यापन गराउने गरी अनुमति दिन सक्नेछ ।

(२) यस्तो विद्यालय संचालनका लागि गाउँपालिकाले साम्भाव्यता अध्ययन ,थप सुविधा र आवश्यक स्रोत पहिचान गरी परिचालन गर्नसक्नेछ ।

(३) प्राविधिक तथा व्यवसायिक शिक्षा कक्षा संचालनको लागि अनुमति दिदा तोकिएको मापदण्ड बमोजिम एक वाडामा नदोहोरिने गरी संचालन अनुमति दिन सकिनेछ ।

(४) सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाको लागि चाहिने शिक्षक ,कर्मचारी लगायत अन्य जनशक्ति व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(५) प्राविधिक तथा व्यवसायिक शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद १३

## विविध

**५९. विद्यालयको विनियम ,विद्यान वा कार्यविधि :**

(१) यो ऐन र प्रचलित कानुनको अधिनमा रहि प्रत्येक सामुदायिक तथा संस्थागत विद्यालयले विद्यालयको लक्ष्य ,मूल्य ,मान्यता ,संचालन प्रक्रिया लगायत अन्य सान्दर्भिक विषयवस्तु समावेश गरी विनियम ,विधान वा कार्यविधि बनाई लागू गर्नसक्नेछ । तर ,त्यस्तो विनियम विद्यान वा कार्यविधि अभिभावक भेलावाट पारित गराउनुपर्नेछ ।

(२) अभिभावक भेलाले आवश्यकता अनुसार विनियम ,विद्यान वा कार्यविधि संसोधन गर्नसक्नेछ ।

(३) विनियम ,विधान वा कार्यविधि अनुसार विद्यालय संचालन गर्नु विद्यालय व्यवस्थापन समिति ,प्रधानाध्यापक अन्य विद्यालय परिवारको कर्तव्य हुनेछ ।

(४) अधावधिक विद्यानको प्रतिलिपि पारित भएको मितिवाट सातदिन भित्रमा गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(५) विद्यालयको विद्यान सार्वजनिक दस्तावेज हुनेछ र विद्यालय सरोकारवलाहरुले जुनसुकै बखत त्यसको जानकारी लिनसक्नेछ ।

**६०. गाउँपालिकाले निर्देशन दिनसक्ने :**

(१) गाउँपालिकाले विद्यालयको भौतिक ,शैक्षिक ,आर्थिक विकास एवम् समसामायिक विषयमा आवश्यक निर्देशन दिनसक्नेछ ।

(२) उपदफा (१) वमोजिम दिएको निर्देशनको पालन गर्नु विद्यालय व्यवस्थापन समिति ,प्रधानाध्यापक ,शिक्षक एवम् विद्यालय कर्मचारीको कर्तव्य हुनेछ ।

**६१. विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्ने :**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन अध्यापन गर्ने वातावरण सिर्जना गर्ने र विद्यालयभित्र कुनै किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने शर्त तथा मापदण्ड तोकिएबमोजिम हुनेछ ।

**६२.बालबालिकालाई निष्काशन गर्न ,शारीरिक वा मानसिक दूर्व्यवहार गर्न नहुने :**

(१) विद्यालयमा अध्ययनरत कुनै पनि बालबालिकालाई विद्यालयवाट निष्काशन गर्न पाइनेछैन । तर , कुनै विद्यार्थीले विद्यालयको शैक्षिक वातावरण खलबल्याउने कार्य गरेमा वा विद्यालयको आंचारसंहिता विपरीत कार्य गरेमा विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम प्रधानाध्यापकले त्यस्तो विद्यार्थीलाई विद्यालयवाट निष्कासन गर्नसक्नेछ ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शांरीरिक ,मानसिक यातना दिन वा दूर्व्यवहार गर्न पाइने छैन ।

**६३.शैक्षिक परामर्श सेवा ,विदेशी कार्यक्रम वा शिक्षण कोर्स संचालन :**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई कुनै पनि व्यक्ति वा संस्थाले शैक्षिक परामर्शसेवा, ब्रिज कोर्स , भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा संचालित कुनै शैक्षिक कार्यक्रम वा वैदेशिक मेला ,प्रर्दर्शनी  जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कायर्क्रम, शैक्षिक परामर्शसेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा , पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा संचालित कुनै शैक्षिक कार्यक्रम वा वैदेशिक मेला ,प्रर्दर्शनी  जस्ता शैक्षिक कार्यक्रम सञ्चालन अनुमति लिने सम्बन्धी व्यवस्था गाउँ शिक्षा समितिले तोकेबमोजिम हनेुछ ।

**६४.सिकाई उपलब्धि स्तर मापन :**

(१) गाउँपालिकाले विद्यालयहरुको शैक्षिक गुणस्तर मापन गर्न र एकरुपता कायम गर्नका लागि कक्षा ५ को स्तरीकृत परीक्षा संचालन गर्न तथा अन्य कक्षाको परीक्षा लिई स्तर मापन गर्नसक्नेछ । स्तर मापन गर्ने विधि र प्रक्रिया तोकिएबमोजिम हुनेछ ।

**६५. शिक्षक वा कर्मचारीले निजी विद्यालयमा लगानी गर्न नपाउने:**

(१) विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै निजी विद्यालय संचालन गर्न, लगानी गर्न वा व्यवस्थापन सम्बन्धि कुनै कार्य गर्न पाउने छैन ।

**६६. प्रगति विवरण पेश गर्ने :**

(१) समुदायिक तथा संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिएबमोजिम विद्यार्थी प्रगति विरण ,सिकाई उपलब्धि विवरण र अन्य कार्यक्रमको उपलब्धिको प्रगति विवरण सम्बन्धित वडा कार्यलय र गाउँपालिका पेश गर्नुपर्नेछ ।

**६७.दण्ड सजाय :**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असूल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोकेवमोजिम सजाय हुनेछः-

(क) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ख) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेशगर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरमो,

(ग) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा ,

(घ) परीक्षाको मर्यादा भङ्ग हुनेअन्य कुनै कार्य गरेमा ,

(ङ) अनुमति नलिई कुनै शैक्षिक कायर्क्रम, मन्टेश्वरी कक्षा ,शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स , भाषा शिक्षण कक्षा तथा पूर्वतयारी कक्षा ,टयुसन सेन्टर ,कोचिङ सेन्टर,कम्पयुटर प्रशिक्षण कक्षा सञ्चालन गरेमा ,

(च) कानून विपरीतको अन्य कार्य गरेमा ।

(३) विद्यालयको शिक्षक वा कर्मचारी उपर अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि निलम्बन हनेुछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन वा ऐन अन्तर्गत बनेको नियमावली बमोजिम विभागीय सजाय गरिनेछ ।

**६८. पुनरावेदनः**

(१) तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर प्रचलित कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

**६९. संक्रमणकालीन व्यवस्था :**

(१) यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरको काम नियमावली ,निर्देशिका र कार्यविधि नआउँदासम्म गाउँ कार्यपालिकाले र गाउँ शिक्षा समितिको सहमति लिई शिक्षा शाखाले गर्नसक्नेछ ।

(२) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको दरबन्दी ,राहत ,शिक्षक अनुदान ,प्रारम्भिक वाल विकास शिक्षक र विद्यालय कर्मचारीको पदमा अस्थायी /करार पदपुर्तीको लागि विज्ञापनको अनुमति गाउँपालिकाले दिन सक्नेछ ।

**७०.नियमावली ,विनियम ,निर्देशिका ,कार्यविधि र मापदण्ड बनाई लागु गर्न सकिने :**

(१) यस ऐनको उद्धेश्य कार्यान्वन गर्न गाउँपालिकाले शिक्षा नियमावली बनाई लागू गर्नसक्नेछ ।

(२) विद्यालय शिक्षमा सुधारको निम्ति र विविध शैक्षिक कार्यक्रम संचालन गर्न देहायबमोजिम विषयमा नियमावली ,विनियम ,निर्देशिका ,कार्यविधि ,आधार तथा मापदण्ड बनाई लागू गर्न सकिनेछ ।

(१) असल शिक्षक समान्न तथा प्रोत्साहन ,

(२) अनाथ एवम् सडक बालबालिका विपन्न समुदाय वा गरिबीको रेखामुनि रहेका परिवारका वालवालिकाका लागि शैक्षिक सहयोग तथा प्रोत्साहन ,

(३) एकमुष्ठ अनुदानमा आधारित विद्यालय संचालन ,

(४) नमूना विद्यालय छनोट र विकास ,

(५) शिक्षक दरबन्दी ,राहत ,शिक्षक अनुदान ,प्रारामि्भक बालविकास शिक्षक ,विद्यालय कर्मचारीको दरबन्दी मिलान र व्यवस्थापन ,

(६) विद्यार्थीका लागि सहक्रियाकलाप तथा अतिरिक्त क्रियाकलाप संचालन ,

(७) शैक्षिक क्यालेण्डर तथा शैक्षिक प्रोफाइल वा पुस्तिका प्रकाशन ,

(८) भौचर प्रणालीमा अधारित विद्यालय शिक्षा ,

(९) गुणस्तरीय शिक्षाका लागि कार्यसम्पादनमा अधारित सिकाई सुदृढीकरण अनुदान र शिक्षण सहयोग अनुदान ,

(१०) अनिवार्य र निःशुल्क शिक्षा र निःशुल्क माध्यमिक शिक्षा कार्यान्वन ,

(११) विद्यार्थी संख्या अभिवृद्धि कार्यक्रम ,

(१२) अन्तरविद्यालय सहयोग तथा समन्वय कार्यक्रम ,

(१३) स्व्मसेवक शिक्षक परिचालन तथा व्यवस्थापन ,

(१४) अनौपचारिक तथा निरनतर शिक्षा कार्यक्रम ,

(१५) आधारभूत शिक्षा परीक्षा संचालन र व्यवस्थापन

(१६)विद्यालयको झण्डा, चिन्ह र प्रार्थना,

(१७) विद्यालयलाई दिइने अनुदान,

(१८) विद्यालयको परीक्षा,

(१९) विद्यालयका शिक्षक तथा कर्मचारीको शपथ ग्रहणसम्बन्धी,

(२०) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तरिका र विद्यार्थीहरूको सङ्ख्या,

(२१) विद्यालयको सम्पत्तिको सुरक्षा,

(२२) विद्यालयको आय-व्ययको जाँच,

(२३) विद्यालयको किताब, बही र अन्य कागजात तयार गर्ने र राख्ने तरिका,

(२४) शिक्षक तथा विद्यार्थीहरूको आचारसंहिता,

(२५) विद्यालयको पुस्तकालय र वाचनालय,

(२६) सह-शिक्षा,

(२७) शिक्षण तथा विद्यालय व्यवस्थापन तालिम,

(२८) प्रधानाध्यापकको नियुक्तिका लागि आवश्यक पर्ने योग्यता, काम, कर्तव्य र अधिकार तथा सुविधा,
(२९) कोचिङ क्लास, भाषा-शिक्षण कक्षा र निजी क्षेत्रमा सञ्चालित शिक्षक प्रशिक्षण कक्षासम्बन्धी,

(३०) विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि ,

(३१) संस्थागत विद्यालयले उपलब्ध गराउनुपर्ने छात्रवृत्ति सम्बन्धी आदि ।

**७१.बचाउ र लागु हुने :**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुनबमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिनाहा गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु वाझिएको हदसम्म स्वतः निस्क्रीय हुनेछ।

(४) यस ऐनमा स्पष्टता नभएमा आवश्यकतानुसार नियमावली वा कार्यविधि बनाउन सक्नेछ ।

**७२.संशोधन र थपघट :**

(१) यस ऐनमा कुनै किसिमको संशोधन र थपघट गर्नुपरेमा आवश्यकता अनुसार गाउँसभाले बहुमतवाट गर्नसक्नेछ ।

**७३.बाधा अड्काउ फुकाउने अधिकार :**

(१) यस ऐनको उद्धेश्य कार्यान्वन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र तयस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत
राजगढ गाउँपालिका ,सप्तरी



राजगढ गाउँपालिका